अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक
ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ३७ / २०८३ वैशाख ४ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Apr. 17, 2026 / मूल्य रु. १०/-

नयाँ वर्ष २०८३को शुभकामना
देवेन्द्र चुडाल
सम्पादक/प्रकाशक
अभियान साप्ताहिक परिवार

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## कांग्रेस-एमालेभित्रको विवादले लोकतन्त्र नै संकटमा !

### बालेन नेतृत्वको सरकार सुशिला कार्कीको उपहार




**देवेन्द्र चुडाल**

काठमाडौं । लामो समयदेखि सत्ता आलोपालो सञ्चालन गर्दै आएको दलहरु नेपाली कांग्रेस-नेकपा एमाले र (तत्कालिन माओवादी केन्द्र) हालको नेपाली कम्युनिष्ट पार्टी गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा नराम्रो सँग पराजित भएपछि यी पार्टीहरु भित्र व्यापक विवाद उत्पन्न भएको छ ।

जनताले कांग्रेस, एमाले र माओवादी केन्द्र नेतृत्वको सरकार हेरिसकेका थिए । सत्तामा रहँदा उनीहरुले जनताको विश्वास जित्न सकेका थिएन भने विकास निर्माणका कार्य समेत धिमा गतिमा सञ्चालन हुँदै आएका थिए । उनीहरुले सत्ताको नेतृत्व गर्दा देश विकास र जनताको जीवनस्तर उठाउने काम गर्दा नगरेका भने होइन ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि जनताले तिव्र गतिमा विकास निर्माण कार्य हुनुपर्ने बताउँदै आएका भएपनि दलहरु भित्रको आन्तरिक द्वन्द्वले गर्दा बहुमतको सरकार पनि पुर अवधि टिक्न सकेन । नेपाली कांग्रेसले २०४६ सालको राजनीतिक परिवर्तनपछि सबै भन्दा बढी समयसम्म सत्ताको नेतृत्व गरेको भएपनि उसले आफ्नै नेतृत्वको एकलौटी सरकार समेत पुरा अवधि टिकाउन सकेन । त्यही बेला देखि मुलुकमा राजनीतिक संकट बढ्दै गएको थियो/हो ।

पटक पटक सत्ताको नेतृत्वकर्ताहरुभित्रको विवाद र लोकतान्त्रिक चरित्रले सरकार सञ्चालन हुन नसक्नु, पार्टीगत स्वार्थमा दलहरु सक्रिय हुनु, भ्रष्टाचारका काण्डहरु सार्वजनिक हुनु, भ्रष्टाचारलाई नियन्त्रण गर्न सरकार असफल हुनु, राम्रा भन्दा हाम्रालाई प्राथमिकतामा राखेर नियुक्ति, सरुवा, बढुवा गर्नु, योग्य व्यक्तिलाई पाखा लगाएर आफ्नो आदेश पालकहरुलाई विश्वास गरेर महत्वपूर्ण निकायमा नियुक्ति गर्नुले दलहरुप्रति जनताको विश्वास हट्दै गएको थियो । त्यही कारणले गर्दा र जनताको भावना बुझेर पूर्व सञ्चारकर्मी समेत रहेका रवि लामिछानेले २०७९ को निर्वाचन हुनु भन्दा ४/५ महिना अघिमात्र राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरेका थिए । सो पार्टी गठन भएको ४/५ महिनामै निर्वाचनमा सहभागिता जनाएर संसदमा प्रत्यक्ष र समानुपातिक गरी २१ जनालाई सांसद बनाउन सफल भएको थियो । छोटो समयमा नै रास्वपा राष्ट्रिय

>>> बाँकी ८ पेजमा

## कांग्रेसभित्रको विवादले उग्ररुप लिन सक्ने !

काठमाडौं । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनमा नराम्रोसँग पराजित भएकै दलहरु मध्येका नेपाली कांग्रेस, नेकपा एमाले भित्र विवाद उत्पन्न भएको छ । कांग्रेसभित्रको विवाद अहिले सतहमै आएको छ । तत्कालिन सभापति शेरबहादुर देउवा पक्षले तत्कालिन महामन्त्री गगन थापाको नेतृत्वमा गत पुसमा विशेष महाधिवेशन गरेर थापा आफैं सभापतिमा चुनिएपछि देउवा पक्षले त्यसलाई स्वीकार गर्न सकेको छैन । विशेष महाधिवेशनबाट थापा सभापतिमा चुनिएको र विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएपछि देउवा पक्ष अदालत गएकोमा अदालतले अहिले सम्म सो विषय नटुग्याई दिएको हुनाले कांग्रेस भित्रको विवाद बढ्दै गएको छ ।

देउवा पक्ष अदालतको निर्णयलाई हेरेर अघि बढ्ने पक्षमा रहेकोमा देउवा अहिले देश बाहिर रहेका र देउवाले

>>> बाँकी ८ पेजमा

## राजनीतिमा प्रतिशोध र निषेध हुनु हुँदैन : पूर्वराजा

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले संवैधानिक समाधान खोज्न विलम्ब नगर्न सबै पक्ष संकल्पित हुनुपर्ने बताएका छन् ।

गत सोमबार नयाँ वर्ष-२०८३ को अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले परस्परको राग, द्वेष, प्रतिशोध र निषेध राजनीतिमा हुन हुँदैन नहुने बताए । निषेध, फुट, बन्द र विद्रोहले हामी कमजोर हुने बताउँदै पूर्वराजा शाहले सबै पक्षको माग सम्बोधन हुनेगरी संवैधानिक समाधानबारे सोच्नुपर्ने बताए ।

'निषेध, फुट, बन्द र विद्रोहले हामी कमजोर हुन्छौं । परस्परको राग, द्वेष, प्रतिशोध र निषेध राजनीतिमा हुन हुँदैन । जनचाहना समेतलाई मनन गरी देशलाई

>>> बाँकी ८ पेजमा

## नीतिगत निर्णय नै भ्रष्टाचारको जग

काठमाडौं । गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा झण्डै दुई तिहाई मत ल्याएको रास्वपा नेतृत्वको सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई आफ्नो पहिलो प्राथमिकता राखेको छ । रास्वपाका वरिष्ठ नेता बालेन साहको नेतृत्वको सरकारले यदि सुशासन कायम गर्ने हो भने मन्त्रिपरिषद्को बैठकबाट गर्ने निर्णयहरूलाई पारदर्शी बनाउने पर्दछ । मन्त्रिपरिषद्ले गर्ने निर्णयहरु कुन कुन नीतिगत निर्णय हुनु र कुन कुन प्रशासनिक निर्णय हुन् भनेर प्रष्ट रूपमा जनतालाई भन्न सक्नुपर्दछ ।

भ्रष्टाचारलाई नियन्त्रण गर्न सकिन्छ त्यसै कारणले गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई हस्तक्षेपबाट मुक्त गरेर स्वतन्त्रतापूर्वक उसलाई काम गर्न दिनुपर्दछ । विगतमा मन्त्रिपरिषद्का निर्णयहरु अख्तियारको क्षेत्र भित्र नपर्ने गरेकोमा अब त्यसलाई सुधार गरेर प्रशासनिक निर्णयहरु बाहेकका अन्य निर्णयहरु समेत अख्तियारको दायरामा ल्याउने कानुन नै निर्माण गर्नु आवश्यकता रहेको छ ।

प्रतिनिधिसभामा रास्वपाको झण्डै दुई तिहाई मत रहेको र प्रतिनिधिसभा अन्तर्गत सबै समितिहरुमा रास्वपाकै बहुमत रहेको कानुन निर्माण गर्न सरकारलाई कुनै समस्या देखिँदैन । भ्रष्टाचारलाई नियन्त्रण गर्न र सुशासन कायम गर्ने सर्तमा संसदमा रहेको अन्य दलहरुको

>>> बाँकी ८ पेजमा

## जान्नेलाई छान्ने पार्टीका मन्त्रीहरूको सम्पत्ति छानबिन होस्

काठमाडौं । जान्नेलाई छान्ने भन्ने रास्वपा मन्त्रीबाट मन्त्री बनेका प्राय सबैले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छन् । तर उनीहरूले सार्वजनिक गरेका सम्पत्ति विवरणलाई पत्याउन सक्ने कुनै आधार देखिएको छैन । प्रधानमन्त्री बालेन साहले आफ्नो सम्पत्ति विवरणमा आफूले सामाजिक सञ्जालबाट कमाएको पैसा भनेर ठुलो रकम सम्पत्ति विवरणमा उल्लेख गरेका छन् भने कर लगायतका अन्य केही उल्लेख गरिएको छैन । प्रधानमन्त्री बालेनकी श्रीमतीको नाममा १ सय ९० तोला सुन रहेको उल्लेख गरिएको छ तर त्यो सुन कहाँबाट आयो त्यसको स्रोत केही



उल्लेख गरिएको छैन ।

त्यसैगरी बालेन साहका मन्त्रीहरूले समेत आफुहरूसँग ठुलो रकम रहेको र सुनपनि धेरै रहेको आफ्नो सम्पत्ति विवरणमा उल्लेख गरेका छन् भने गृहमन्त्री रहेका सुधन गुरुङले त कानुनको ध्वज्जी उडाउँदै भूमि ऐनले व्यवस्था गरेको जग्गा राख्न पाउने अधिकारको उल्लंघन गर्दै आफूसँग गोरखामा २९० रोपनी जग्गा र धनकुटामा १९ रोपनी जग्गा रहेको आफ्नो सम्पत्ति विवरणमा उल्लेख गरेका छन् । जबकि भूमि ऐन अनुसार मधेश र पहाडमा कति जग्गा राख्न पाइन्छ भन्ने कानुनी व्यवस्था गरेकोमा त्यसलाई उल्लंघन गर्दै पहाडमा जम्मा ९० रोपनीसम्म र मधेशमा

>>> बाँकी ८ पेजमा

## जरुरी पक्राउ पुर्जी तत्काल बन्द गरियोस्

काठमाडौं । विभिन्न अपराधमा संलग्न रहेको भन्दै प्रहरीले ठाउँको ठाउँमा नै जरुरी पक्राउ पुर्जी जारी गरेर मानिसलाई पक्राउ गर्ने गरिएको प्रति आम नागरिकले विरोध जनाउँदै असन्तुष्टि जनाउँदै आएका छन् । कानुन अनुसार जरुरी पक्राउ पुर्जी जारी गर्ने सर्त तोकिएको छ । जरुरी पक्राउ पुर्जी जारी नगर्दा सम्बन्धित व्यक्ति भाग्न सक्ने र पक्राउ गर्न नसकिने अवस्था रहेमा र सम्बन्धित व्यक्तिलाई पक्राउ नगर्दा प्रमाणहरु नष्ट गर्न सक्ने सम्भावना भएमात्र जरुरी पक्राउ पुर्जी जारी गरेर सम्बन्धित व्यक्तिलाई पक्राउ गर्न सकिने व्यवस्था रहेकोमा पछिल्लो समयमा बालेन सरकारले पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकलाई चैत्र १४



गते शनिबार बिहानै उनीहरूको निवासमै पुगेर जरुरी पक्राउ पुर्जी जारी गरेर पक्राउ गर्‍यो । उनीहरूलाई पक्राउ नगर्दा उनीहरु भागेर जाने सम्भावना थिएन र उनीहरु सत्तामा नरहेको हुनाले प्रमाण नष्ट गर्न सक्ने सम्भावना समेत थिएन तर पक्राउ गरियो ।

पटक पटक प्रधानमन्त्री भैसकेका र पटक पटक मन्त्री समेत भै सकेका व्यक्तिहरूलाई त सरकारले यसरी जरुरी पक्राउ पुर्जी जारी गरेर पक्राउ गर्न सक्छ भने सर्वसाधारणको अवस्था कस्तो होला ? अहिलेको गम्भीर प्रश्न भनेको यही हो । नागरिकलाई पक्राउ गर्नु भन्दा पहिला अदालतको आदेश लिनुपर्ने कानुनी व्यवस्था रहेको छ । अदालतले पक्राउ पुर्जी जारी गर्ने अनुमति दिँदा केही कारण

>>> बाँकी ८ पेजमा

## 'राईट टु रिकल' जनताको अधिकार हो पार्टीको होइन ?

काठमाडौं । राईट टु रिकल भन्ने व्यवस्था विश्वका केही देशहरुमा लागु भएको पाइन्छ । नेपालमा भने राष्ट्रिय स्वतन्त्र पार्टीले त्यसलाई आफ्नो पार्टी भत्रि लागु गरेर राईट टु रिकलको व्यवस्थाको धज्जी उडाएको छ । राईट टु रिकल भनेको जनताले आफूले मत दिएर आफ्ना प्रतिनिधि छानेका व्यक्तिले जनताको हितमा काम गर्न नसकेको र जनताको सर्म्पकमा नआएको खण्डमा आफूले मत दिएको व्यक्तिलाई फिर्ता बोलाउने व्यवस्था हो ।

यो व्यवस्था हंगेरी, भेनेजुएला लगायत अमेरिकाका केही राज्यमा लागु भएको पाइन्छ । तर रास्वपाले जनताको अधिकार खोसेर सो

>>> बाँकी ८ पेजमा

# If the Iran War continues, what will Trump do?





**Dr James J Zogby**

With the apparent collapse of the US talks with Iran, President Donald Trump finds himself in a box with no easy way out. Polls are showing that key elements of his winning electoral coalition are growing weary of the war and frustrated with its domestic consequences. As we approach the midterm elections, Republicans in Congress are also nervous about how voters may react when they go to the polls.

There are several Republican-related groups to consider, each with concerns of their own. The establishment Republican elites wanted one thing from President Trump: smaller government with lower taxes. Because Trump never fit the mould of a true conservative, given his flamboyant and, at times, outrageous behaviour, these more traditional conservatives were initially hesitant to embrace Trump's candidacy. However, when he reduced regulations on their industries, lowered their taxes, and began to reduce government outlays for social programs while increasing defense expenditures, they came on board.

The religious conservatives were also initially concerned that Trump's own personal immoral behaviour and his past positions on a range of "social issues" might not be in sync with their "traditional values" agenda. Here too he has mollified concerns by issuing Executive Orders and appointing federal judges that support the Christian conservatives' programme.

Most consequential to this president's success is the group now referred to as MAGA ("Make America Great Again") supporters- that is the diverse collection of voters who have hitched their hopes to President Trump's success.

Many of these voters had previously identified as Democrats. They are folks who feel left behind by the changing economy, have lost hope that they or their children can achieve the American dream, and feel abandoned by policymakers in Washington. They embraced Donald Trump when he told them he understood their pain and that he alone could fix what was wrong by reordering our governmental priorities, enabling both America and their communities and families to "be great again."

Central to his campaign were promises to end expenditures on "endless wars" and by prioritizing the needs of everyday Americans by making their lives more affordable. Because these Republican voters have been so trusting of the President's performance- even in instances where it required them to suspend their better judgment- polls showed that 80 percent of Republicans and self-identified MAGA voters were initially overwhelmingly with the President at the start of the Iran war. That is no longer the case. The most recent polls now show the percent of Republicans who are opposed to this war has risen from 11 percent to over 30 percent.

One reason for this may be that the administration had made it appear that this conflict would be over quickly and decisively. With hostilities now into a second month and gas prices rising, impacting a number of downstream costs, voters are becoming anxious. Most recent polls show that more than 50 percent of MAGA voters blame the war for the increase in gas prices.

And so, the President is in a box with no good way out. He is being pressured by his base and Republicans running for office in competitive districts to find a way to end this war before more voters turn against them, while at the same time he is being urged by his regional allies not to walk away and leaving a mess in his wake. The choice he makes will be fateful.

In a related matter, while traditional conservatives and Neoconservatives celebrated the President's budget - with massive increases in defense spending and reductions in "discretionary spending" on social spending, MAGA voters haven't digested what that translates to for them. Little noticed were President Trump's follow-up comments that the federal government could no longer afford to spend on day care, Medicare, and food benefits to low-income families, saying,

"(We can't) spend any money for daycare because the USA can't take care of daycare. We're a big country. We have 50 states, we have all these other people. We're fighting wars. It's not possible for us to take care of daycare, Medicaid, Medicare, all these individual things."

There isn't any polling yet on these issues, but it is precisely low- and middle-income households- who make up the bulk of MAGA voters- who will be affected by these cuts, if Congress allows them to occur. They are the voters who require affordable day care to allow both partners to work. They are the senior citizens who depend on Medicare to allow them to receive the health care they need. And they are the farmers who benefit from food subsidy programmes that provide them with a guaranteed market for their products.

And so, the President is in a box with no good way out. He is being pressured by his base and Republicans running for office in competitive districts to find a way to end this war before more voters turn against them, while at the same time he is being urged by his regional allies not to walk away and leaving a mess in his wake. The choice he makes will be fateful.

# नौ महिनामा लक्ष्यको ८४.११ प्रतिशत राजस्व संकलन

काठमाडौं । चालू आर्थिक वर्ष ०८२/८३ को नौ महिनामा लक्ष्यको ८४.११ प्रतिशत राजस्व संकलन भएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार चालू आवमा एक खर्ब ४८ अर्ब राजस्व उठाउने लक्ष्य लिएको थियो ।

सरकारले चैत मसान्तसम्म १० खर्ब ६० अर्ब तीन करोड ३० लाख रूपैयाँ राजस्व उठाउने लक्ष्य लिएको थियो । त्यसमा चैत मसान्तसम्म आठ खर्ब ९१ अर्ब ५६ करोड २९ लाख रूपैयाँ राजस्व उठेको छ, जुन वार्षिक लक्ष्यको ६०.२४ प्रतिशत र चैत मसान्तसम्मको लक्ष्यको ८४.११ प्रतिशत हो । यो कर राजस्व संकलन गत आवको यसै अवधिको तुलनामा ६ प्रतिशतले बढी हो । गत आवको यसै अवधिमा आठ खर्ब ४१ अर्ब १३ करोड ३३ लाख रूपैयाँ कर राजस्व उठेको थियो । तथ्यांकअनुसार चैत महिनामा मात्रै एक खर्ब ३९ अर्ब ७० करोड ६४ लाख रूपैयाँ राजस्व उठेको छ । यो मासिक लक्ष्यको तुलनामा ९३.२४ प्रतिशत हो । सरकारले चैतमा एक खर्ब ४९ अर्ब ८२ करोड ९७ लाख रूपैयाँ राजस्व उठाउने लक्ष्य लिएको थियो ।

समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर (भ्याट)बाट सबैभन्दा धेरै दुई खर्ब ६१ अर्ब ४१ करोड ६२ लाख राजस्व उठेको छ । दोस्रो स्थानमा भने आयकर रहेको छ । आयकरमार्फत दुई खर्ब १५ अर्ब ९० करोड ७४ लाख रूपैयाँ राजस्व उठेको छ ।

यसैगरी, भन्सार महसुलबापत एक खर्ब ७८ अर्ब ५७ करोड १० लाख रूपैयाँ, अन्तःशुल्कबाट एक खर्ब ३८ अर्ब २० करोड ७६ लाख रूपैयाँ, शिक्षा सेवा शुल्कबाट चार अर्ब ६६ करोड ९६ लाख रूपैयाँ, गैरकरबाट ८७ अर्ब ५१ करोड १७ लाख रूपैयाँ र विविध प्राप्तिबाट पाँच अर्ब २७ करोड ९४ लाख रूपैयाँ राजस्व आम्दानी भएको छ । समीक्षा अवधिमा भन्सार विभागबाट तीन खर्ब ६८ अर्ब ७४ करोड ४५ लाख रूपैयाँ र आन्तरिक राजस्व विभागले चार खर्ब ३० अर्ब दुई करोड ७३ लाख रूपैयाँ राजस्व उठाएका छन् ।

समीक्षा अवधिमा सरकारले लक्ष्यको २९.२१ प्रतिशत मात्रै अनुदान प्राप्ति गरेको छ । यो वर्ष सरकारले ५३ अर्ब ४४ करोड ६९ लाख रूपैयाँ अनुदान प्राप्ति गर्ने लक्ष्य राखेको छ । त्यसमा चैत मसान्तसम्म १५ अर्ब ६१ करोड ४१ लाख रूपैयाँ अनुदान प्राप्ति भएको छ ।


चालू आवको चैत मसान्तसम्म सरकारको पुँजीगत खर्च २३.५८ प्रतिशत मात्रै देखिएको छ । यो वर्ष पुँजीगत खर्चका लागि चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ । त्यसमा चैत मसान्तसम्म ९६ अर्ब १९ करोड ५१ लाख रूपैयाँ पुँजीगत खर्च भएको छ ।

यो गत आवको यसै अवधिको तुलनामा पनि कम हो । गत आवमा तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रूपैयाँ पुँजीगत खर्च गर्ने लक्ष्य हुँदा नौ महिनामा एक खर्ब दुई अर्ब ९० करोड आठ लाख खर्च भएको थियो, जुन लक्ष्यको २९.२ प्रतिशत हो । योअनुसार लक्ष्य प्राप्तिको अनुपात र रकमकै आधारमा पुँजीगत खर्च घटेको देखिन्छ । सरकारले बजेटको अर्धवार्षिक समीक्षा गर्दै यो वर्ष दुई खर्ब ४३ अर्ब ३० करोड ३४ लाख रूपैयाँ पुँजीगत खर्च हुने अनुमान गरेको छ, जुन लक्ष्यको ५९.६५ प्रतिशत हो । पछिल्लो समय कायम इरान युद्धले इन्धन तथा निर्माण सामग्रीको मूल्य बढ्ने र अभावसमेत हुँदा निर्माण गतिविधि थप प्रभावित भएका छन् । यसले पुँजीगत खर्च थप प्रभावित बनाउने देखिन्छ ।


समीक्षा अवधिमा सरकारको चालू खर्च भने ६३.३ प्रतिशत पुगेको छ । यो वर्ष सरकारले चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । त्यसमा हालसम्म सात खर्ब ४७ अर्ब ५२ करोड ४४ लाख रूपैयाँ खर्च भएको छ । यो वर्ष ११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख रूपैयाँ चालू खर्च हुने संशोधित अनुमान छ ।

समीक्षा अवधिमा वित्तीय व्यवस्थातर्फ ५७.६३ प्रतिशत बजेट खर्च भएको छ । चालू आवमा तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख रूपैयाँ वित्तीय व्यवस्थामा खर्च गर्ने लक्ष्य छ । त्यसमा हालसम्म दुई खर्ब १६ अर्ब २३ करोड ७७ लाख रूपैयाँ खर्च भएको छ । यो वर्ष वित्तीय व्यवस्थातर्फ तीन खर्ब १९ अर्ब चार करोड ३९ लाख रूपैयाँ खर्च हुने संशोधित अनुमान छ ।

समीक्षा अवधिमा सरकारको कुल खर्च १० खर्ब ५९ अर्ब ९५ करोड ७२ लाख रूपैयाँ देखिएको छ । यो वर्ष १९ खर्ब ६४ अर्ब ११ करोड रूपैयाँ खर्च गर्ने लक्ष्य थियो । लक्ष्यको तुलनामा ५३.९७ प्रतिशत बजेट खर्च भएको देखिन्छ ।



# परिवर्तन दिने जनताले परिवर्तन पाउलान् ?



• राजन कार्की
rajan2012karki@yahoo.com

रवि लामिछाने र बालेन साहको रास्वपा जोडीले चुनावमा लहर ल्याए । जनताले लहरमा साथ थिए । जनताले राजनीतिक परिवर्तन दिए । परिवर्तन दिने जनताले खोजस्तो परिवर्तन पाउलान् ? समयले उठाएको प्रश्न यही हो ।

०४६ र ०६३ को परिवर्तनमा पनि जनताले राजनीतिक परिवर्तन दिएका थिए, जनताले खोजेजस्तो परिवर्तन पाएनन् । रास्वपाको उदय भएको छ, यो नेतृत्व परिवर्तन हो, जेनजी पुस्तामा नेतृत्व पुगेको हो । यो परिवर्तित नेतृत्वले शासनमा असफलता, भ्रष्टाचार र संस्थागत जडताबाट प्रताडित जनताले आफ्ना आशा र अपेक्षाको पूर्ति हुने चाहना राखेका छन् ।

रास्वपा सत्तामा पुगेको छ, सक्षम शासन देखाउनु छ । यतिबेला नेपालीले विचार खोजेका छैनन्, शासन प्रशासनमा परिवर्तन चाहेका छन् । जनताले अपनत्व लिनसक्ने परिवर्तन खोजेका छन् ।

बालेन प्रधानमन्त्री बनेपछि सय दिनदेखि नै परिवर्तन दिने देखाउने गरी काम गरिरहेको देखिन्छ । शासनमा सुधार, सेवाग्राहीले सुलभ सेवा, भ्रष्टाचारको अन्त गर्नेगरी बालेन सरकार अघि बढेको छ । नेपाल फस्ट नीति घोषणा गरेको बालेन सरकारले ५ वर्षपछिको नेपालको चित्र देखाउने भनेको छ । अब देखिनुपर्छ विदेशबाट फर्किएका युवाको सीप, साधन, स्रोतमा आत्मनिर्भरताका उद्यमहरू, समानता र सक्षमताको कदर, नेपोटिजमको अन्त, दण्ड र पुरस्कारको स्थापित मान्यता, डिजिटल शासन, पूर्वाधार र अन्य निर्माणका अध्यायहरू, खासगरी गुमेको वैदेशिक विश्वासको पुनर्स्थापना र राष्ट्रियताप्रतिको गहिरो आत्मविश्वास । भ्रष्टाचारको अन्त भयो भने त्यही विन्दुबाट सुशासनको जग र जरा देखिनेछ, समृद्धिको घाम झुल्किनेछ ।

निर्वाचनमा परिवर्तन चाहिएको थियो, जनताको मौन बिद्रोहले परिणाम दिएको छ । कुनै पनि नेता वा पार्टीले विश्वास नै नगरेको आँधी आयो, रास्वपाले स्थिर सरकार दिने जनादेश पायो । अब पालो रास्वपाको हो, जसले जनताको जनादेशको अन्तर्निहित मर्म बुझ्नुपर्छ, जनआकांक्षाको परिपूर्ति गर्न कम्मर कसेर लाग्नुपर्छ । समय कम छ, असक्षमता देखियो भने जनताको मन फेरि निराश हुनसक्छ । जनतालाई हौस्याउने काम बालेन सरकारले गर्नैपर्छ ।

डेलिभरि पहिलो सर्त हो बालेन सरकारका लागि । दक्ष सार्वजनिक सेवा, पारदर्शी प्रशासन, भरपर्दो पूर्वाधार, र गाउँ, नगरपालिकाहरूमा आर्थिक अवसर जनताका चाहना हुन् । संक्षेपमा भन्नुपर्दा, देशभित्रै गरिखाने वातावरण जनताका माग हुन् । यसैका लागि जेनजी विद्रोह भयो, पुरानो सत्ताले नोज डाइभ गर्‍यो, जेनजीको शासनको सुरूआत भयो । नयाँ अध्याय सुरू भयो । ३७ वर्षदेखि तीन प्रमुख दल नेपाली कांग्रेस, एमाले, नेकपा माओवादी (हाल नेकपा) आलोपालो, गठबन्धन गरेर सरकार चलाइआएका थिए । फागुन २१ को चुनावमा यो बिरासतको अन्त भएको छ । पञ्चायत थियो, त्यसलाई २०४६ सालमा मिल्काउन यी तिनै दलहरूले भूमिका खेलेका थिए । त्यसपछि भ्रष्टाचार र अनैतिकताका कारण दलीय कालरात्रि सावित हुनपुग्यो । २०६३ सालमा पनि राजनीतिक दलहरूले नै राजतन्त्र किनारा लगाउन भूमिका खेले, लोकतान्त्रिक गणतन्त्र ल्याए । तर यो अवधिमा पनि भ्रष्टाचार, कुशासन, नेपोटिजम र अनैतिकताको निरन्तरता रोकिएन । जनता साह्रै निराश हुनपुगे । विदेशी विश्वास सकियो, विदेशीले फ्रडहरूको देश भनेर खुलेआम भन्न थाले । बिगत १७ वर्षको लोकतान्त्रिक गणतन्त्रमा झन बढी कुशासन हुनपुग्यो, भ्रष्टाचार र नीतिहीनताले सीमा नाघ्यो । पार्टीहरूका सिद्धान्त सकियो, नेताहरूले नैतिक चरित्र गुमाए ।

२०६५ साल जेठ १५ गते अवैध तरिकाले राजतन्त्र फालियो, २०७२ मा संविधान जारी गर्दा धार्मिक स्वतन्त्रताका ठाउँमा जालझेल गरेर जनताको सुझाल लत्याइयो, धर्मनिरपेक्षता शव्द लेखेर संविधान जारी गरियो । यो मुद्दा झन झन पेचिलो बन्दै गएको थियो । एकातिर दलीय अराजकता, अपराधिक राजनीति, अर्कोतिर राजनीतिक मुद्दाहरूलाई संवोधन गरिएन, जनतामा आक्रोश बढ्दै गएको थियो । जनतालाई दमन गरेरै शासन चलाउन पल्केका स्थापित दलहरूविरूद्ध गत भदौ २३ र २४ मा जेनजी आन्दोलन, विद्रोहको ज्वालामुखी फुट्यो । लोकतन्त्र र गणतन्त्र खरानी हुनपुग्यो, संविधान समाप्त भयो । त्यसपछि अन्तरिम सरकार बन्यो र यही सरकारले चुनाव गरायो, चुनाव शान्तिपूर्ण भयो, तर परिणामले स्थापित दलहरूलाई बढार्‍यो । राजनीतिक परिवर्तन आयो ।

रास्वपाको विजय र बालेन साहको उदय स्थापित दलहरूविरूद्धको मौन जनविद्रोह हो । परिवर्तनको खोज हो । राजनीतिक रूपमा नयाँ सिद्धान्त जनताले खोजेका होइनन्, जनमुखी शासन हुनुपर्छ भन्ने पक्षमा उभिएका हुन् । जम्माजम्मी १९ मिनेट भाषण गरेका बालेन साहले चुनाव जिते, रास्वपाले चुनाव जित्यो । सरकारमा गयो । सरकारमा पुगेपछि पनि प्रधानमन्त्री बालेन साह बोलेका छैनन् । बालेन भाषणमा होइन, काममा विश्वास गर्ने व्यक्तिका रूपमा देखिएका छन् ।

बालेन साह र रास्वपा सुधारका पक्षमा घण्टी बजाए, बजाइरहेका छन् । जनतालाई यो घण्टीको आवाज साह्रै मनमोहक लागेको छ । जनअपेक्षाअनुसार काम गर्न सके जनताको आकर्षण घट्ने छैन । काम गर्ने नीतिको स्थिरता, अनुशासित राजनीतिक नेतृत्व र संस्थागत सुदृढिकरण रास्वपा र बालेन साहको प्रमुख चुनौति हो ।

रास्वपाले जनताले खोजेका विषयहरू समावेश गरेर जनतासँग करार गरेका छन्, बाचापत्र सार्वजनिक गरेका छन् । सय दिन शासकीय सुधार गर्ने भनेका छन् । संविधान सुधार गर्न बहस सुरू भइसकेको छ । बन्द उद्योग खोल्ने, उत्पादनशील लगानी बढाउने, वैदेशिक लगानी आकर्षित गर्ने, संक्रमणकालीन न्याय सम्पादनदेखि सहकारी पीडित, मिटरव्याज पीडित, हिंसा, हत्या बलात्कार पीडितहरूलाई न्याय दिनु सर्वाधिक महत्वका विषय हुन् । यसकारण जनतामा प्रश्न उठेको छ, रास्वपाको घण्टीको लहरले परिवर्तन त ल्यायो, जनतालाई परिवर्तनको आत्मानुभूति गराउन सक्ला ?

जनता साह्रै निराश छन्, जनतामा आशा जगाउनु पर्नेछ । जनताले खोजेको परिवर्तन त्यही आशाको दियो बल्नु हो ।

यतिबेला स्थापित तीन दल नेपाली कांग्रेस, एमाले र नेकपा (माओवादी) म्याद नाघेको ओखतीजस्तो हालतमा पुगेका छन् । यी तिनै पार्टीभित्र नेतृत्व पुस्तान्तरणको मुद्दा बहसमा छन् । पुस्तान्तरण नहुँदा ती पार्टीका कार्यकर्ताले समेत आफ्ना पार्टी र नेताका अगाडि साखुल्ले पल्टिए, निर्वाचनका दिन घण्टीमा मत हाले, मत दिन उक्साएका अनेक घटना छन् । यो कुरा ती पार्टीले बुझेनन् र नेतृत्व परिवर्तन गर्दै नैतिक र सैद्धान्तिक रूपमा संगठन बिस्तारमा ध्यान दिन सकेनन् भने ८ दशकसम्म पुराना दलहरू ५ वर्षपछिको चुनावमा पनि पुछारतिरै देखिने छन् ।

आर्थिक क्षेत्र सुधारका लागि रास्वपाले नियामक सुधारमार्फत वृद्धि तीव्र पार्ने, वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि, प्रति व्यक्ति आय ४३ हजार भन्दा माथि पुर्‍याउने र पाँच वर्षभित्र राष्ट्रिय अर्थतन्त्रलाई ४१०० अर्बमा पुर्‍याउने लक्ष्य किटान गरेको छ । यसका लागि व्यवसाय गर्न चाहनेलाई सुलभता, कानुन लचकता, झण्झट झमेलाको अन्त गर्ने र सहकारीदेखि फाइनान्ससम्म कडा निगरानी गरिने नीति अवलम्बन गर्ने भनेको छ । यो नीतिले उत्पादन र निर्यातमा बृद्धि हुनेछ भने यातायात, उर्जा विकास आदि चौतर्फी क्षेत्रमा सकारात्मक प्रभाव पर्नेछ । यही नीतिभित्र रोजगारीको बृद्धि समेत समेटिएको छ ।

संसदबाटै सत्तारूढ दलका सभापतिले शिर झुकाएर दलितसँग माफी मागेका छन् । सरकारले पनि मागी माग्नेछ । अर्थात न्यायपूर्ण समाजको लागि रास्वपा र बालेन सरकार प्रतिवद्ध देखिएको छ । यहीँबाट शासन सुधारको पाइला चलेको बुझ्न सकिन्छ । विश्व बैंकको ग्रेसूचीबाट हट्न सम्पत्ति शुद्धीकरणका निर्णय भइसकेको देखिन्छ । न्याय, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा सरकारले विशेष योजनाहरू लागू गर्ने निर्णय गर्दैछ । अब सेटिङ र पार्टीकरणको अन्त सुनिश्चित हुँदैछ । विधिको शासनको आधार बालेन सरकारले महत्व दिएको देखिन्छ ।

रास्वपाको सिद्धान्त जनादेशको संवोधन हुनपुगेको छ । शासनमा सुधारको प्रदर्शन बालेन सरकारको प्राथमिकता देखिन्छ । राजनीतिक संस्कृतिले नयाँ मोड लिन लागेको छ । यो मोड जनताको पक्षमा होला त ? यही सवालको जवाफमा रास्वपा र बालेन साहको सफलता वा असफलता मापन हुनेछ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

\- अभियानवाणी

अभियान
साप्ताहिक

# सम्पादकीय

## 'राईट टु रिकल'द्वारा रास्वपाले खोस्यो जनताको अधिकार

*जान्नेलाई छान्ने भन्दै आएको सत्ताधारी दल रास्वपाले जनताको अधिकार पार्टीमार्फत खोसेको छ। राईट टु रिकल भनेको प्रत्यक्षतर्फबाट चुनिएका व्यक्तिहरूलाई सम्बन्धित क्षेत्रका मतदाताले फिर्ता बोलाउन सक्ने व्यवस्था हो। सम्बन्धित क्षेत्रका बहुमत जनताले प्रत्यक्षतर्फ आफूले मतदान गरेर संसदमा पठाएका सांसदले जनताको हितमा काम गर्न नसकेको खण्डमा आफ्ना प्रतिनिधिलाई फिर्ता बोलाउन सक्ने अधिकारको रुपमा लिइन्छ। विश्वका केही देशमा यस्तो व्यवस्था रहेको छ। विभिन्न देशमा यसलाई प्रयोग गरिएको भएपनि नेपालको संविधानले यस्तो व्यवस्था गरेको छैन। तर सत्ताधारी दल रास्वपाले आफ्नो विधानमा नै यस्तो व्यवस्था गरेको हुनाले हालै उसले एकमन्त्रीलाई राईट टु रिकलको व्यवस्था गरेर मन्त्री पदबाट फिर्ता बोलाएको छ। यसरी फिर्ता बोलाएका मन्त्रीले राजिनामा समेत दिएनन् भने उनलाई राईट टु रिकलको व्यवस्था अनुसार प्रधानमन्त्री एवं रास्वपाका वरिष्ठ नेताले वर्खास्त गरेका थिए।*

*अमेरिका, जर्मन, हंगेरी, भेनेजुयला, बेलायत लगायतका विभिन्न मुलुकमा यस्तो व्यवस्था रहेको देखिन्छ। पार्टीले आफ्ना सांसदहरूलाई आफू निर्वाचित भएको क्षेत्रबाट प्रत्यक्ष निर्वाचित भएका व्यक्तिलाई सम्बन्धित निर्वाचन क्षेत्रका बहुमत मतदाताले फिर्ता बोलाउन सक्ने व्यवस्थालाई राईट टु रिकल भन्ने गरिएको छ। मन्त्रीलाई पदबाट बर्खास्त गर्ने अधिकार प्रधानमनत्रीलाई मात्र हुन्छ भने समानुपातिक तर्फबाट निर्वाचित भएका सांसदलाई मुलुक भरकै आफ्ना पार्टीका कार्यकर्ता र जनताले मदातान गरेका हुनाले उनलाई राईट टु रिकल मार्फत हटाउन सकिने अवस्था रहँदैन। सम्बन्धित पार्टीले उनीहरूलाई कारबाही गरेपनि त्यस्ता व्यक्तिलाई मुलुकभरकै जनताले मतदान गर्ने गरेका हुनाले सम्बन्धित पार्टीले उनलाई हटाएको खण्डमा मतदाताको अपमान हुने ठहरिन सक्छ। धेरै पहिला अमेरिकामा त्यसको प्रयोग गरिएको भएपनि अदालतले त्यसलाई उल्टाईदिएको थियो।*

*रास्वपाले आफ्नो विधानमा राईट टु रिकलको व्यवस्था गरेको भएपनि त्यो संविधान विपरितको कार्य हो। संविधानले व्यवस्था नै नगरेको विषयलाई रास्वपाले आफ्नो विधानमा राख्नु नै संविधान विपरितको कार्य हो। रास्वपाले पार्टीका पदाधिकारीहरूलाई भने पार्टीको बहुमतले हटाउन सक्छन् भने मन्त्रीलाई प्रधानमन्त्रीले मात्र बर्खास्त गर्न सक्छन् तर केही दिन पहिला रास्वपाका सभापतिले तत्कालिन श्रममन्त्री दिपक कुमार साहलाई राईट टु रिकल भन्दै फिर्ता बोलाउने निर्णय गरेर त्यसै अनुरुपको पत्र प्रधानमन्त्री बालेन साहलाई पठाएका थिए त्यही पत्रका आधारमा साहलाई सुनुवाईको मौका समेत नदिई वर्खास्त गरियो के यो कानुन अनुसार छ त अहिलेको प्रश्न भनेको यही हो। दिपक कुमार साहलाई स्पष्टीकरण दिने मौका समेत नदिई मन्त्री पदबाट बर्खास्त गर्दा उनलाई निर्वाचित गर्ने महोत्तरीका जनता र मतदाताको समेत अपमान भएको छ।*

*रास्वपाका सभापति रवि लामिछाने माथि अहिले पनि सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न भएका भनि विभिन्न अदालतमा मुद्दा विचाराधिन रहेको अवस्थामा उनलाई किन पार्टीले कुनै कारबाही गर्नै सक्दैन। आरोप प्रमाणित नभएसम्म कसैलाई कारबाही गरिनु उपर्युक्त हुँदैन। आरोपित व्यक्तिलाई सफाई दिने मौका दिनु न्यायको पहिलो खुड्किलो हो तर साहलाई किन सफाईको मौका समेत दिइएन यसकारण यो विषयले गम्भीर प्रश्न उठाएको छ। राईट टु रिकल भन्ने शब्द नै बृहत रहेको छ। राईट टु रिकल भन्ने वित्तिकै त्यो शब्दले राईट टु रिकलको अर्थ बुझाउने गरी रिकलको व्यवस्था गरिएको र त्यो व्यवस्था निर्वाचित जनप्रतिनिधिहरूलाई उनी निर्वाचित भएको क्षेत्रमा मदातदाताले मात्र फिर्ता बोलाउन सक्छन् पार्टीले सक्दैन। यदि पार्टीले त्यो जनताको अधिकार खोस्ने हो भने मतदाताको अधिकार पार्टीले खोसेको ठहरिन सक्छ। त्यसैले गर्दा पार्टीलाई जनताको अधिकार खोस्न सक्ने कुनै कानुनी व्यवस्था नभएकाले गर्दा रास्वपाले जनताको अधिकार खोसेको हो भनेर बुझ्नुपर्ने अवस्था देखिएको छ।*

*अर्कोतर्फ पार्टीले प्रधानमन्त्रीको अधिकार समेत खोसेको छ। प्रधानमन्त्रीले मात्र मन्त्रीहरूलाई बर्खास्त गर्न सक्छन् त्यसमा पनि उनलाई सफाई दिने मौका प्रदान गरिनु पर्दछ तर साहलाई त्यस्तो मौका समेत नदिई पार्टीको सिफारिस त्यसमा पार्टी सभापतिको मात्र सिफारिसमा बर्खास्त गरिनु सरकार वा मन्त्रिपरिषद्माथि पार्टी सभापतिको ठाडो हस्तक्षेप हो। संविधानले मन्त्रिपरिषद्को र प्रधानमन्त्रीको अधिकार प्रष्ट गरेको छ तर पार्टी सभापतिले प्रधानमन्त्री र मन्त्रिपरिषद्को अधिकारमाथि हस्तक्षेप गरेर मन्त्री पदबाट बर्खास्त गर्ने एकल निर्णय गरी सो अनुरुपको पत्र प्रधानमन्त्रीलाई पठाउनु र प्रधानमन्त्रीले सोही पत्रका आधारमा मन्त्रीलाई बर्खास्त गर्नु जनताको अधिकार पार्टी र सभापतिले खोस्नु नै हो। साहलाई मतदान गर्ने सम्बन्धित क्षेत्रका जनताबाहेक अन्यले उनलाई राईट टु रिकल गर्न सक्ने कानुनी व्यवस्था नभएको भएपनि अहिले नेपालको संविधानमा राईट टु रिकलको व्यवस्था नै नभएको अवथामा राईट टु रिकल भन्दै त्यही डण्डा जनताबाट प्रत्यक्ष निर्वाचित व्यक्तिमाथि कारबाही गर्नु सम्बन्धित क्षेत्रका जनताको अपमान मात्र नभएर उनीहरूको अधिकार समेत खोस्नु हो भने हामीले ठानेका छौं। त्यसैले भन्न सकिन्छ रास्वपाले जनताको अधिकार समेत खोसेर आफ्नो हातमा लिएको छ भन्नु हाम्रो भनाई रहेको छ।*

# ट्रेड युनियनको व्यवस्थापन कसरी ?

**प्रेमलकुमार खनाल**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को नेतृत्वमा नवगठित सरकारले शासकीय सुधारसम्बन्धी कार्यक्रममा दलीय ट्रेड युनियन खारेज गर्ने भनेको छ । यसैका आधारमा अध्यादेशबाट संघीय निजामती सेवा ऐन जारी गर्ने र अध्यादेशमा विद्यमान व्यवस्थाअनुसार कर्मचारीको ट्रेड युनियन नराख्ने भन्ने विषय सार्वजनिक भएको छ ।

बहुलवादी समाज र लोकतान्त्रिक राज्यव्यवस्थामा ट्रेड युनियन खारेज गर्ने विषय कल्पना गर्न सकिन्न । तर, किन आज ट्रेड युनियनको विषयलाई लिएर यत्रो नकारात्मक बहस भइरहेको छ त ? यसबारे सम्बद्ध सबै सरोकारवाला पक्षले गम्भीरतापूर्वक आत्मसात् गर्नुपर्ने भएको छ ।

बहुदलवादी समाजमा सोच, विचार, चिन्तन र शासनप्रणाली पनि बहुलवादी हुने संविधानाले सुनिश्चित गरेपछि सामाजिक संघ, संस्था, राजनीतिक दल खडा हुन्छन् । यस्तो व्यवस्था संविधानको धारा १७ मा स्वतन्त्रताको मौलिक हकमै व्यवस्था भएको छ । स्वतन्त्रताको मौलिक हकमा विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता तथा संघ र संस्था खोल्ने स्वतन्त्रता रहने उल्लेख छ । र कुनै पनि व्यक्तिलाई यी स्वतन्त्रताबाट वञ्चित गरिनेछैन भनेर स्पष्ट रूपमा संगठन, वाक् र भेला हुने स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । श्रमिकको संगठन स्वतन्त्रतालाई अझ बढी सुनिश्चित गर्न संविधानको धारा ३४ मा प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भनेर स्पष्ट रूपमा उल्लेख गरिएको छ । श्रम क्षेत्रमा पनि भिन्न–भिन्न विचारका श्रमिक संगठन हुने अन्तर्राष्ट्रिय श्रम संगठनको संगठन स्वतन्त्रता (राइट टु अर्गनाइज)सम्बन्धी अभिसन्धिले प्रत्याभूत गरेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का अनुसार, 'संघ तथा संगठनको स्वतन्त्रता एक आधारभूत मानव अधिकार हो जसले कामदार र रोजगारदातालाई उनीहरूको आफ्नै रोजाइका संस्थाहरु स्थापना गर्ने र सामेल हुने अधिकारलाई ग्यारेन्टी गर्छ ।' सन् १९४८ मा पारित आइएलओको अभिसन्धि नं. ८७ ले हरेक श्रमिक कामदार कर्मचारी र रोजगारदातालाई संघ–संगठन गठन गर्ने स्वतन्त्रता हुन्छ । कामदार र रोजगारदाता दुवैले विना कुनै पूर्वअनुमति आफ्नो संगठन युनियन स्थापना गर्न पाउने अधिकार हुन्छ । यस्तै, उनीहरूलाई युनियन या संगठनमा आबद्ध हुने अधिकार हुन्छ ।

व्यक्तिहरूले आफूले चाहेको संगठनमा स्वतन्त्र रूपमा सदस्य बन्न वा नबन्न पाउने अधिकार हुन्छ । यसरी गठन भएको ट्रेड युनियनलाई सरकार वा अन्य निकायले संगठनको गठन, सञ्चालन वा व्यवस्थापनमा अनावश्यक हस्तक्षेप गर्न पाइँदैन । ट्रेड युनियन वा संगठनलाई संगठनको आन्तरिक व्यवस्थापनको स्वतन्त्रता हुन्छ । यस्ता संगठनले आफ्ना नियम, विधान, प्रतिनिधि चयन, कार्यक्रम सञ्चालन आदि स्वतन्त्र रूपमा निर्धारण गर्न सक्छन् ।

राष्ट्रियस्तरका ट्रेड युनियनहरूलाई संघहरूको ट्रेड युनियन महासंघ–संघसंस्था गठन गर्ने अधिकार हुन्छ । यस्तैयस्ता महासंघलाई अन्तर्राष्ट्रिय संगठनसँग सम्बन्ध राख्ने अधिकार हुन्छ र कामदार तथा रोजगारदाताका संगठन पनि अन्तर्राष्ट्रियस्तरका संगठनसँग सम्बन्ध राख्न र आबद्ध हुन सक्छन् । यस्तै, यसरी स्थापित ट्रेड युनियनलाई वा कुनै संगठनलाई प्रशासनिक आदेशबाट जबर्जस्ती विघटन गर्न पाइँदैन । यस्तै ट्रेड युनियनमा आबद्ध भएको वा संगठनमा आबद्ध भएको कारणले कसैलाई पनि भेदभाव गर्न पाइँदैन ।

आइएलओका अनुसार कामदार कर्मचारीलाई आफ्नो रोजाइअनुसारको संगठन स्थापना गर्न पाउने अधिकार रहने स्पष्ट छ । यस्तो सन्दर्भमा एउटा मात्र ट्रेड युनियन खोल्न दिने भन्ने विषय आइएलओको सिद्धान्त, मान्यता र संगठन स्वतन्त्रतासम्बन्धि अभिसन्धि नं. ८७ विपरीत हुने देखिन्छ । फेरि नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को सदस्य राष्ट्र भएको हुँदा संगठन स्वतन्त्रतासम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिविपरीत ट्रेड युनियनका गतिविधिलाई संकुचित गर्ने, सीमित अधिकार मात्रै प्रदान गर्ने भन्ने सोच आइएलओको सिद्धान्त र मान्यताविपरीत हुन जान्छ ।

यस्तै भएर हाम्रो संविधानमा ट्रेड युनियनसम्बन्धी मौलिक हक सुनिश्चित गरिएको हो । यस्तै श्रम कानुनअन्तर्गत ट्रेड युनियन ऐन २०४९ ले हरेक श्रमिक कर्मचारीलाई तीन तहका ट्रेड युनियन–प्रतिष्ठान स्तरको ट्रेड युनियन, राष्ट्रियस्तरको ट्रेड युनियन संघ र ट्रेड युनियन महासंघ गठन गर्न पाउने उल्लेख छ ।

यसैका आधार गणतन्त्र आएपछि २०६३ वैशाख २८ को पुनर्स्थापित प्रतिनिधिसभाको बैठकबाट निजामती कर्मचारीलगायत पेसागत क्षेत्रका पेसाकर्मीलाई आइएलओ अभिसन्धिअनुरूप ट्रेड युनियन अधिकार प्रदान गर्ने भनेर विशेष प्रस्ताव पारित भएर २०६४ मा निजामती सेवा ऐनमा ट्रेड युनियनसम्बन्धी नयाँ व्यवस्था भएको हो ।

मुलुकले आत्मसात् गरेको संविधान, प्रतिनिधिसभाबाट पारित विशेष प्रस्ताव र ट्रेड युनियन कानुनका आधारमा श्रम क्षेत्रमा बहुयुनियनको अवधारणा अगाडि आएको हो । यसै भएर श्रम कानुनमा समेत एकभन्दा बढी ट्रेड युनियन स्थापना हुन सक्छन् भन्ने व्यवस्था गरिएको छ । विचार मिल्ने श्रमिकले आफूलाई मन परेको ट्रेड युनियन कानुनी व्यवस्थाअनुरूप गठन गरी सरकारबाट मान्यताप्राप्त गर्न सक्ने व्यवस्थाअनुरूप एउटै प्रतिष्ठान कार्यालयमा एकभन्दा बढी ट्रेड युनियन खडा भएका छन् ।

तर, श्रमिक कर्मचारीका तर्फबाट सरकार/व्यवस्थापनसमक्ष सामूहिक सौदाबाजीचाहिँ आधिकारिक ट्रेड युनियनले मात्र गर्न पाउने कानुनी व्यवस्था छ । श्रम प्रशासनले दर्ता भएका ट्रेड युनियनबिच निर्वाचन गराएर बहुमत हासिल गर्ने ट्रेड युनियनलाई आधिकारिक ट्रेड युनियनको मान्यता दिएपछि स्वतः बहु ट्रेड युनियनको व्यवस्था हुन जान्छ ।

तर, विगत तीन दशकयता खुलेका ट्रेड युनियनहरूबिच श्रम प्रशासनले निर्वाचन नगराउँदा सर्वत्र अस्तव्यस्त अवस्था छ । आधिकारिक ट्रेड युनियनको निर्वाचन नभएपछि सबै दर्तावाल युनियनले व्यवस्थापनसमक्ष मागदाबी गर्ने, माग पूरा गराउन हरेक ट्रेड युनियनले विरोध, धर्ना, हडताल, तालाबन्दी गर्नेजस्ता अत्यन्तै अस्वस्थ अवस्था सिर्जना भयो । तालाबन्दी ट्रेड युनियनको अधिकार क्षेत्रभित्र पर्दैन, तर विगतमा कतिपय ट्रेड युनियनको नेतृत्वमा तालाबन्दीसमेत भयो । ट्रेड युनियनका नाममा अनेकन विकृति र विसंगति देखिए । तर, यसो भनेर श्रमिक कर्मचारीलाई आफूलाई मन परेको युनियनमा संगठित हुन पाउने स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्नुहुँदैन ।

यसरी विगतमा ट्रेड युनियन सञ्चालन र व्यवस्थापनमा सरकारको स्पष्ट नीति–नियमको अभाव र स्वयं ट्रेड युनियन नेतृत्वको कार्यशैलीका कारण सर्वत्र ट्रेड युनियनको आलोचना र टिप्पणी हुने गरेको छ । कतिपय कोणबाट दलीय ट्रेड युनियन खारेज गर्ने भन्ने विषय र कतिपय कोणबाट एउटै मात्र युनियन (एकल ट्रेड युनियन) हुनुपर्छ भन्ने भनाइ सार्वजनिक हुने गरेका छन् ।

वास्तवमा मुलुकमा २००७, २०३६, २०४६ र २०६२/०६३ भएका राजनीतिक परिवर्तनमा ट्रेड युनियन आन्दोलनको महत्वपूर्ण योगदान र भूमिका रह्यो । मुलुकको आर्थिक र सामाजिक क्षेत्रको महत्वपूर्ण शक्तिका रूपमा श्रमिक शक्तिलाई परिचालित गर्ने भनेकै ट्रेड युनियन हुन् । मुलुकको आर्थिक, सामाजिक रूपान्तरणसँगै आर्थिक विकास र समृद्धि हासिल गर्न ट्रेड युनियनको भूमिका महत्वपूर्ण रहन्छ । यस सन्दर्भमा मुलुकको आर्थिक विकासमा ट्रेड युनियन बाधक होइन, साधक हुन् । यिनको सही परिचालन र व्यवस्थापन अहिलेको आवश्यकता हो ।

ट्रेड युनियनको खारेज गर्नुपर्छ भन्नु प्रतिगामी सोच हो भने एकल ट्रेड युनियन बहुलवादी सोच र आइएलओको संगठन स्वतन्त्रतासम्बन्धी अभिसन्धिसँग मेल खाँदैन । नेपाल आइएलओको सदस्य राष्ट्र भएकाले आइएलओ अभिसन्धिविपरीत सरकारले श्रमिक कर्मचारीको ट्रेड युनियन अधिकारमा संकुचित गर्ने, खारेज गर्ने काम गरेमा यसको राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरबाटै विरोध हुनेछ । यसले सरकारको छविमा समेत प्रश्न उठ्ने निश्चित छ । ट्रेड युनियनहरु पेसागत हकहितका लागि खडा गरिने हुँदा अमुक राजनीतिक पार्टीको भ्रातृ संगठन बनेर कार्यालय तथा प्रतिष्ठानहरूमा सञ्चालन हुने गतिविधि बेठिक हुन्छ । अतः राजनीतिक पार्टीका भ्रातृ संगठन भएर कार्यालयमा गतिविधि गर्ने गराउने कामलाई निरूत्साहित गर्नुपर्छ । तर, श्रमिक कर्मचारीलाई आफ्नो इच्छाअनुसारका ट्रेड युनियन खोल्न निषेध गरिनुहुँदैन । तसर्थ, 'विचारमा स्वतन्त्रता, सेवा प्रवाहमा निष्पक्षता र तटस्थता'को अवधारणाअनुरूप हुने गरी ट्रेड युनियन निर्माण गर्न पाउने र सेवाप्रवाहमा निष्पक्षता र तटस्थताका साथ हरेक श्रमिक कर्मचारी आफ्नो काम–कर्तव्यप्रति जवाफदेही बन्ने गरी ट्रेड युनियनको स्थापना र सञ्चालन गर्नु नै अहिलेको उत्तम विकल्प हो ।

ट्रेड युनियन व्यवस्थापनका लागि सरकारले ट्रेड युनियनबिच तत्काल निर्वाचन गराएर बहुमत हासिल गर्ने युनियनलाई आधिकारिकता प्रदान गर्ने र आधिकारिक ट्रेड युनियनसँग मात्र सरकार/व्यवस्थापनले सामूहिक सौदाबाजी गर्ने परिपाटी थालनी गर्नुपर्छ । यस्तै, आधिकारिक ट्रेड युनियन निर्वाचनमा थ्रेसहोल्डको व्यवस्था गरी १० वा १५ प्रतिशत मत ल्याउने ट्रेड युनियनलाई पनि संगठन स्वतन्त्रताको मान्यता दिने व्यवस्था गर्नुपर्छ । तर, यसरी मान्यताप्राप्त ट्रेड युनियनले सामूहिक सौदाबाजीका लागि सरकार तथा व्यवस्थापनसमक्ष मागदाबी गर्न नपाउने, तर आफ्नो नामबाट श्रमिक कर्मचारीलाई सदस्य बनाउन पाउने, आन्तरिक रूपमा कार्यालयका काममा बाधा नपर्ने गरी कार्यालय समयअगाडि वा पछाडि भेला, प्रशिक्षणजस्ता कार्यक्रम गर्न पाउने गरी संगठन स्वतन्त्रताको हक सुनिश्चित गरिनुपर्छ ।

यस्तै, मागदाबी र सामूहिक सौदाबाजी भने आधिकारिक ट्रेड युनियनले मात्रै गर्न पाउने व्यवस्था गर्नुपर्छ । निर्वाचनपछि सम्पूर्ण गतिविधि आधिकारिक युनियनबाट मात्र सञ्चालन हुनुपर्छ । कार्यालयमा आधिकारिक ट्रेड युनियनलाई मात्र कार्यालयलगायत सुविधा प्रदान गर्ने नीति अवलम्बन गर्नुपर्छ । अब ट्रेड युनियनका नाममा कार्यालयको जिम्मेवारीबाट पन्छने खालका गतिविधि अन्त्य गरिनुपर्छ । ट्रेड युनियन आन्दोलनभित्र विचारका आधारमा बेग्लाबेग्लै ट्रेड युनियन खडा हुने प्रक्रियामा स्वयं ट्रेड युनियनहरूले पनि मनन गर्नुपर्छ । विश्वका विभिन्न देशमा विचारका आधारमा प्रगतिशील एवं समाजवादीको धार र अर्को सोसल डेमोक्रेट्सको धारका आधारमा ट्रेड युनियनहरु क्रियाशील छन् । तर, व्यवहारमा प्रगतिशील एवं समाजवादी विचार बोकेकाहरूका भने दर्जनौं युनियन क्रियाशील भएको पाइए पनि सोसल डेमाक्रेट्स विचारको भने प्रायः एउटा मात्र युनियन क्रियाशील भएको देखिन्छ ।

यसरी प्रगतिशील विचारका अनगिन्ती युनियन हुँदा प्रगतिशील शक्ति विभाजित र छिन्नभिन्न भएको पाइन्छ । यसले गर्दा ट्रेड युनियन आन्दोलन कमजोर भएको छ । अतः यसलाई पनि व्यवस्थापन गर्न प्रगतिशील विचारका ट्रेड युनियनबिच आपसी सहकार्य गर्दै वैचारिक एवं सैद्धान्तिक आलोकमा एउटा मात्र ट्रेड युनियन निर्माण गर्ने दिशामा आगामी दिनमा भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

ट्रेड युनियन मुलुकको आर्थिक विकाससँगै संस्थाको विकासमा बाधक होइन, साधक बन्न सक्छन् । संस्थाको व्यावसायिक उन्नति, सेवा विस्तार, गुणस्तरीय सेवा, आर्थिक अनुशासन, भ्रष्टाचार नियन्त्रण, स्वस्थ कार्यालय वातावरण निर्माण र नागरिक सचेतना अभियानमा ट्रेड युनियनलाई संगठित तवरले परिचालन गर्न सकियो भने राष्ट्रले परिलक्षित गरेको आर्थिक विकास र समृद्धि हासिल गर्न सकिन्छ । - *नयाँ पत्रिका*

# प्रगतिविहीन राजनीतिको गतिशीलता !

**सीके लाल**

अखबारका सबै सामग्री राष्ट्रिय क्यालेन्डरअनुसार भए तापनि यस स्तम्भमा सामान्यतः अन्तर्राष्ट्रिय तिथिमिति प्रयोग गर्ने गरिन्छ । तर आजभोलि देश त के, विदेशतिर समेत सामान्य अवस्था छैन । त्यसैले हिन्दु क्यालेन्डरमध्ये विक्रम संवत्अनुसार बितेको वर्षलाई सम्झिनुपरेको हो । चिनियाँहरूले आफ्ना उत्सवहरू परम्परागत नयाँ वर्षअनुसार मनाए तापनि अधिकांश प्रशासनिक र व्यावसायिक कामकाजमा 'सीई' अर्थात् 'कमन एरा' वा साझा पात्रो पछ्याउन सुरू गरिसकेका छन् । संसारमा सबभन्दा बढी हिन्दुहरू बसोबास गर्ने देश भारतमा पनि सीई नै चल्छ । धार्मिक, सांस्कृतिक एवं पर्व-त्योहार निर्धारणका लागि आ-आफ्नै पात्रो प्रयोग गरे तापनि इस्लाम बाहुल्य बंगलादेश र पाकिस्तान एवं बौद्ध वर्चस्वको श्रीलंका जस्ता दक्षिण एसियाली देशहरूमा समेत कानुनी, व्यावसायिक र प्रशासनिक प्रयोजनका लागि सीई क्यालेन्डरलाई नै मान्यता दिइएको छ ।

कुनै बेला 'काशी, कश्मीर, अजब नेपाल' भनिने देशको पारा भने अहिले पनि बेग्लै नै छ-छिमेकी भारतभन्दा फरक देखाउने क्रममा घडीको सियोलाई १५ मिनेट अगाडि बढाउने र इतिहासको पानाबाट लोपोन्मुख पात्रोको प्रचलन चलाउने कर्मलाई काठमाडौंका सम्भ्रान्तहरूले राष्ट्रिय पहिचानको मानक बनाइएका छन् । सीईको पूर्वरूप-ग्रेगोरियन क्यालेन्डर-इसाई पात्रो हुने गर्थ्यो भन्ने कुरा सत्य हो । चिनियाँहरूले दुनियाँमा राज गरेको भए वा टर्कीका खलिफाको साम्राज्यले संसार ढाकेको भए तिनकै पात्रो सीई कहलिन्थ्यो होला । हिन्दुहरूका तेत्तिस कोटी देवता, चार वर्ण, छत्तिस जात र दस थरी पात्रो छन्, त्यसैले तिनीहरू आ-आफ्नै 'शूद्र, महाशूद्र र म्लेच्छ' माथि राज गर्नमा रमाउँछन् । तिनको शासन व्यवस्था संसारको साझा मानक हुने सम्भावना नै थिएन । पश्चिमाहरूले आफ्नो साम्राज्य र उपनिवेश फैलाए, विज्ञान र प्रविधिको विकास गरे र व्यापार बढाए, त्यसैले अंग्रेजी विश्वभाषा र ग्रेगोरियन क्यालेन्डर 'कमन एरा' बनेको छ । ढिलो-छिटो त्यो कुरा 'जेन-जी' भनिने राष्ट्रवादीहरूले नबुझे पनि त्यसपछिका 'जेन-अल्फा' भनिने अन्तर्राष्ट्रिय पुस्ताले सायद ठम्याउने नै छन् । तर अहिले भने उज्जैनका कुनै विक्रमादित्य भन्ने सम्राटले चलाएको भनिने विक्रम संवत्को समय हो, त्यसैले समसामयिक चर्चा पनि त्यसै अनुसार गरे केही फरक पर्दैन ।

विक्रम संवत् २०८२ नेपालको इतिहासमा राज्यसत्ताको चरम असफलता र नागरिक आक्रोशको झिल्काले दावानलको रूप लिएको वर्षका रूपमा सार्वजनिक सम्झनामा दर्ज हुन जरूरी छ । विसं २००७ को शाहवंशीय पुनरोदय, २०१७ को शाही-सैनिक 'कू', २०४६ को जनआन्दोलनमार्फत सार्वभौमसत्ता जनतामा रहेको उद्घोष र २०६३-६५ देखि गणतन्त्रको जग बसे जस्तै वर्ष २०८२ लाई हरितपीत विद्रोहद्वारा शासकीय सत्ताको पतन र सामाजिक-संरचनात्मक विघटनको प्रस्थानविन्दुका रूपमा इतिहासले स्मरण गर्नेछ । भनाइ छ, जनस्मृति उदेकलाग्दो गरी अल्पजीवी हुन्छ । त्यसैले समय-समयमा त्यसलाई झकझकाएर ब्युँझाइराख्नुपर्ने हुन्छ । परिबन्द र घटनाका स-साना विवरणहरू धुमिल हुँदै गए पनि तिनका कठोर पाठहरू जनमानसको चेतनामा जीवित राख्न कतिपय विषय पटक-पटक दोहोऱ्याइरहनुपर्ने पनि हुन सक्छ ।

कुनै बेला 'काशी, कश्मीर, अजब नेपाल' भनिने देशको पारा भने अहिले पनि बेग्लै नै छ-छिमेकी भारतभन्दा फरक देखाउने क्रममा घडीको सियोलाई १५ मिनेट अगाडि बढाउने र इतिहासको पानाबाट लोपोन्मुख पात्रोको प्रचलन चलाउने कर्मलाई काठमाडौंका सम्भ्रान्तहरूले राष्ट्रिय पहिचानको मानक बनाइएका छन् । गएको वर्ष एउटा यस्तो दर्पण साबित भयो, जहाँ नेपालीले आफ्ना अनुहारसँगै आफ्नै नियतिको कुरूपतालाई नजिकबाट नियाल्न बाध्य भएपछि घनले हिर्काएर ऐना नै फुटाउने प्रयत्न गरे । तर दर्पण त पानीमा देखिएको प्रतिछाया थियो, त्यो हल्लियो र पूर्वस्थितिमा फर्कियो । केवल दुई दिनभित्र ७६ जना निर्दोष नेपालीले ज्यान गुमाएको, सुरक्षाकर्मीहरूमाथि निर्मम आक्रमण गरिएको र प्रहरीका हातहतियार लुटिएका घटनाहरू छोटो समयभित्र विस्मृत हुन लागेका छन् । देशैभर सरकारी संरचना, व्यक्तिगत आवास र व्यापारिक केन्द्रहरूमा योजनाबद्ध आगजनी र तोडफोड भयो । अर्बौं लगानी गरेर पुनर्निर्माण गरिएका ऐतिहासिक धरोहर सँगसँगै खर्बौं रकम खर्चेर बनाइएका संरचनाहरू ध्वस्त भएर अपूरणीय राष्ट्रिय सम्पत्ति खरानीमा परिणत भयो । राज्यका चारै अंग- विधायिका, कार्यपालिका, न्यायपालिका र सञ्चार जगत्का आधारस्तम्भहरूमा आगो झोसियो । सहर दनदन्ती बलिरहँदा सडकमा नदेखिएका काठमाडौं महानगरपालिकाका दमकलहरू खरानी पखाल्ने बेला मात्र कार्यक्षेत्रमा उत्रेका थिए ।

विडम्बना त के भने, राष्ट्रप्रमुखको निवासमा समेत आगजनी हुँदा दक्षिण एसियाकै पुरानो र गौरवशाली भनिएको नेपाली सेनाले आफ्नै परमाधिपतिको निवासको रक्षा गर्न सकेन । बलियो मानिएका राज्यका सुरक्षा संयन्त्रहरूको आत्मबल कतिसम्म कमजोर रहेछ भन्ने कुरा दुई दिनसम्म जेल तोडिँदा, प्रहरीका हातहतियार लुटिँदा र खतरनाक कैदीबन्दी खुलमखुला निस्केर हिँड्दा कसैले केही गर्न नसकेको परिस्थितिले देखाउँछ । एउटा सञ्चारगृहमा आगो लगाउने अराजक समूह पुग्दा सुरक्षाका लागि फोन गर्नेले एक जिम्मेवार प्रहरी अधिकारीबाट पाएको जवाफ थियो- 'आफ्नो सुरक्षा आफैं गर्नुहोला । हाम्रै चौकीहरूलाई निर्देशन छ, हमलावार आएमा सके हातहतियार पनि जोगाउनु नभए ज्यान जोगाएर निस्किनु ।'

राज्यका संस्थाहरू सामान्य हुरीबतासले पनि ढल्ने परालका झुप्राजस्ता मात्र रहेछन् भन्ने कटु यथार्थ गत वर्ष सर्वसाधारणले बुझ्ने अवसर पाए । यी घटनाहरू घोर निराशा र सामूहिक आक्रोशको गर्भबाट जन्मिएका हुन् भन्ने स्वीकार गर्ने हो भने पनि 'विपत्तिको वर्ष बित्यो' भन्ने नागरिक सुस्केराभित्र लुकेको सन्त्रास बुझ्न कठिन छैन । तर प्रश्न अझै अनुत्तरित छ- के संकट टरेकै हो त ? वा यो अझ भयावह समयको पूर्वाभ्यास मात्रै हो ? यसको उत्तर भविष्यको गर्भमा भए पनि वर्तमानका संकेतहरू उत्साहवर्द्धक छैनन् । तुलसीदासकृत रामचरितमानसको पाठसँग जोडिएको अवधी भाषामा बहुप्रचलित एउटा उक्ति छ- 'बिति ताही बिसारी देहु, आगे की सुधि लेहु' । तर बितिसकेकोलाई बिर्सेर कसैका लागि पनि आउने समयका लागि सोच्न सहज हुँदैन । पूर्वीय दर्शनअनुसार नै पनि समय सिधा रेखामा मात्र हिँड्ने नभई चक्रीय चरित्र पनि बोकेको हुन्छ- जे भयो, त्यसले वर्तमान निर्माण गरेको छ र जे भइरहेछ, त्यसले भविष्य निर्धारण गर्नेछ ।

विद्यमान सरकारको गठन आमनिर्वाचनमार्फत भएको भए तापनि यसको आधारशिला नेपाली सेनाले राखेको थियो । व्यापक विध्वंसपछि तथाकथित आन्दोलनकारीहरूसँग वार्ताका लागि भद्रकाली मुख्यालय अगाडिको चौरमा हाते लाउडस्पिकरमार्फत आह्वान, प्रधानमन्त्री पदमा नियुक्तिका लागि पाइएका सुझावहरूमध्ये पूर्वप्रधानन्यायाधीशको नामलाई काठमाडौंका तत्कालीन मेयरद्वारा अनुमोदन र नेपाली सेनाका परमाधिपतिबाट प्रतिनिधिसभा भंग गर्ने गरी गैरसंवैधानिक सरकारको गठनले त्यसपछिको राजनीतिक घटनाक्रमको दिशा तय गरेको कुरा पनि तार्किक नै देखिन्छ ।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा गठित उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगको नियत, क्षमता वा कार्यसम्पादनमा अब शंका गरिराख्न जरूरी छैन । आयोगमा एकसेएक योग्य व्यक्तिहरू थिए । त्यस आयोगले आफूलाई नियुक्त गर्ने गैरसंवैधानिक सरकारको अपेक्षाअनुसार नै काम गरेको हुनुपर्छ । आमनिर्वाचनबाट पूर्वानुमानअनुसार नै परिणाम आएपछि कामचलाउ सरकारले आयोगको प्रतिवेदन औपचारिक तवरले सार्वजनिक गर्नुपर्ने आवश्यकता नदेखेको हुन सक्छ ।

नवनिर्वाचित सरकारलाई अनौपचारिक रूपले सार्वजनिक जानकारीमा आएको प्रतिवेदनअनुसार कारबाही गर्न हतारो हुनु पनि अस्वाभाविक होइन, किनभने त्यसको मतादेशको आधार कुनै अर्थराजनीतिक वैचारिकता नभएर घोषित र अघोषित शासकीय प्रतिबद्धता मात्र रहेको थियो । हरेक सत्तापलटपछि जुनसुकै 'नयाँ सत्ता' ले आफ्ना पूर्ववर्तीको दानवीकरण गरेर नै आफ्नो औचित्य साबित गर्ने गर्छ । प्रधानमन्त्री वालेन्द्र शाहको सत्तारोहणपछिका घटनाक्रमलाई 'दारूण वर्ष-२०८२' को आलोकमा हेर्ने हो भने सरकारका अतार्किक जस्ता लाग्ने निर्णयहरू अनुभवको अभावबाट नभएर सम्भाव्य असमायिक बहिर्गमन अगाडि केही गरेर देखाउने आवश्यकताबाट उब्जिएको लाग्न सक्छ । नभए प्रतिनिधिसभामा झन्डै दुईतिहाइ बहुमतका साथ पाँच वर्ष सत्ता चलाउने मतादेश पाएको सरकारले गोलचक्करमा दौडेर भए पनि आफ्नो गतिशीलता स्थापित गर्न हतार गर्नुपर्ने थिएन ।

आफ्नो दम्भ र चाकरीबाजहरूको झूटो तारिफबाट आत्ममुग्ध बन्न पुगेका खस-आर्य समुदायका नृजातीय मुख्तियार खड्गप्रसाद शर्मा ओली विसं २०८२ आइपुग्दासम्म देशको अर्थराजनीतिक अवस्था एवं छरछिमेकको सामरिक परिस्थितिका धरातलीय यथार्थहरूसँग विमुख भइसकेका थिए । हुन त एमालेसँग कांग्रेसको राजनीतिक समन्वयीकरण (सिंक्रोनाइजेसन) गर्ने काम एक दशकदेखि नै चालु थियो तर शर्मा ओली नेतृत्वको सरकारमा सहायक भूमिका स्वीकार गरेर सहभागी हुनु सम्भवतः त्यस 'ग्रान्ड ओल्ड पार्टी' नेतृत्वको अक्षम्य भूल थियो । संसदीय व्यवस्थामा दुई सबैभन्दा ठूला दलहरू एकाकार भएमा विकल्पहीनताको अवस्था सिर्जना हुन्छ र राजनीति संसद्बाट सडकमा पुग्छ भन्ने सामान्य कुरा कांग्रेसका दिग्गज राजनीतिशास्त्रीहरूले आत्मसात् गर्न सकेनन् । राज्यसत्ताको मदमा आसक्त शेरबहादुर देउवासँग आफ्ना वरिष्ठ साझेदारलाई सचेत गर्न सक्ने सामर्थ्य थिएन । भागबन्डाको राजनीतिबाहेक आफ्नो कुनै भविष्य नदेख्ने पुष्पकमल दाहालमा जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्न सक्ने संस्कार अझै पनि विकसित हुन सकेको छैन । संसद् भवनमा आक्रमण हुँदा वा अराजनीतिक तवरले प्रतिनिधिसभा भंग गरिँदा त्यस कदमको अपेक्षित विरोध हुन नसक्नुका पछाडि दृश्य र अदृश्य अनेक कारणहरू थिए होलान् तर सबैभन्दा प्रमुख कारण सायद के थियो भने साख गुमाएको सरकारको विकल्पमा उभिन सक्ने दल वा नेतृत्व राजनीतिक परिदृश्यमा कुनै पनि बाँकी थिएनन् । सम्भाव्य विकल्पको तयारी भने संसद्बाहिर भइरहेको थियो ।

सत्तावृत्तमा तीन तिकडमबाजहरू- शर्मा ओली, देउवा र दाहाल- बालुवाटार र सिंहदरबारबीच 'म्युजिकल चेयर' खेलको अभ्यास गरिरहँदा काठमाडौंका तत्कालीन 'महामेयर' वालेन्द्र शाह भने शासनको प्रियतावादी प्रारूप बनाउँदै थिए । नेपालमा सबैभन्दा बढी बिक्ने भावनात्मक उन्माद राष्ट्रवाद हो । भारतले आफ्नो नयाँ संसद् भवनमा 'अखण्ड भारत' को नक्सा राखेपछि त्यसको सांकेतिक प्रतिवादस्वरूप महामेयरले आफ्नो कार्यकक्षमा पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्मको नेपाली भूभाग समेटिएको 'विशाल नेपाल' को झन्डा झुन्ड्याए । जनकनन्दिनी सीताको जन्मभूमि भारतमा भनिएको संवाद नहटाइए महानगरपालिकामा कुनै पनि हिन्दी फिल्म चल्न नदिने निर्णयलाई पाटन उच्च अदालतले अन्तरिम आदेशमार्फत बदर गरेपछि (अ)सामाजिक सञ्जालमा महामेयर गर्जिएका थिए- 'जहाँ सवाल देशको सार्वभौमिकता र स्वाधीनताको आउँछ, म कुनै कानुन र अदालतलाई मान्नेवाला छैन ।' कानुन र अदालतभन्दा महानगरको मेयर 'देशको सार्वभौमिकता र स्वाधीनता' को ठूलो रक्षक हुने देशमा केही समयपछि सर्वोच्च अदालत जल्दा कोही नबोल्नु कुन आश्चर्य भयो र वर्गीय चेतनाबाट मुक्त, बहिष्कृत समुदायका पहिचान र सम्मानका प्रश्नहरूप्रति निरपेक्ष एवं संसदीय प्रक्रियासँग वैरभाव राख्ने परिणाममुखी शासन शैली प्रियतावादी राजनीतिकर्मीहरूलाई औधी मन पर्ने रहेछ । महामेयरले अनधिकृत संरचना भत्काउने डोजरलाई आफ्नो कार्यकालमा कारबाहीको प्रतीक (एम्ब्लेम अफ एक्सन) बनाएका थिए । महानगरपालिकाका डोजरहरू भौतिक संरचना भत्काउने यन्त्र मात्र थिएनन्, ती राज्य व्यवस्थाको दशकौं लामो अकर्मण्यतामाथि गरिएको एउटा दृश्यात्मक प्रहार थिए । प्रक्रियागत झन्झटले थकित र दबाब एवं लेनदेनको निर्णय प्रक्रियाबाट आजित बनेको सहरिया मध्यमवर्गका लागि त्यो तदर्थवादी कर्म नै 'अब केही हुन्छ' भावको संकेतात्मक चिह्न बन्न पुगेको थियो । छोप्ने ढक्कन खोलिएका सामाखुसी खोला, केही खण्ड भत्काइएको बागमती किनारका अस्थायी टहरा, घरघरबाट खाली सिसी र पुराना कागज खरिद गर्ने साइकल चलाउने साना व्यवसायीलाई हप्काइएको प्रसंग, फुटपाथबाट खेदिएका फुटकर व्यापारी र दरबारमार्गमा ओछ्याइएको ग्रेनाइटले अधैर्य सहरिया मध्यमवर्गको सौन्दर्यचेतलाई प्रतिविम्बित गर्छन् ।

सत्तावृत्तमा तीन तिकडमबाजहरू- शर्मा ओली, देउवा र दाहाल- बालुवाटार र सिंहदरबारबीच 'म्युजिकल चेयर' खेलको अभ्यास गरिरहँदा काठमाडौंका तत्कालीन 'महामेयर' वालेन्द्र शाह भने शासनको प्रियतावादी प्रारूप बनाउँदै थिए । यसरी सुस्तरी विकसित भइरहेको सम्पूर्ण अर्थराजनीतिक र सामाजिक मनोविज्ञानको परिदृश्यलाई सूक्ष्म रूपले अवलोकन गरिरहेका महामेयरका सञ्चालक एवं सल्लाहकारहरूले 'न्याप गायक बालेन' को सार्वजनिक छविलाई 'विद्रोही वालेन्द्र' बनाउन परम्परागत मिडियालाई तिरस्कार गर्दै (अ)सामाजिक सञ्जालको व्यापक प्रयोग गरेका थिए । त्यसैले प्रधानमन्त्री शाहले हालसालै सार्वजनिक गरेझैं उनको व्यक्तिगत कमाइ र बचतको मुख्य स्रोत (अ)सामाजिक सञ्जाल हो भन्ने दाबी सत्य पनि हुन सक्छ ।

नेपालको सहरिया मध्यमवर्गसँग अलिअलि आर्थिक स्थायित्व छ । हातमा महँगो ग्यालेक्सी वा आइफोन नभए पनि बजारमा पाइने उत्तिकै उपयोगी चिनियाँ स्मार्टफोन छ र रिल एवं टिकटकमा छोटा भिडियोहरू एकोहोरिएर हेर्दाहेर्दै धैर्यको स्तर अत्यन्त न्यून विन्दुमा झरेको छ । यस प्रवर्गलाई प्रजातन्त्रको जटिल र सुस्त प्रक्रिया (ड्यु प्रोसेस) बोझिलो लाग्छ । तिनलाई तत्काल निकास दिने 'डेलिभरी' चाहिएको छ । सरकारले कुनै कम्पनीको कार्यकारी प्रमुख (सीईओ) ले फटाफट नतिजा देखाउन सुरू गरोस् भन्ने लाग्छ । त्यसैले 'काम गर्ने वालेन्द्र' को सार्वजनिक छवि सहरिया मध्यमवर्गको सामूहिक अधैर्यलाई सम्बोधन गर्ने गरी निर्माण गरिएको थियो ।

गलत वा सही तरिकाले नाम र दाम कमाए पनि तत्कालीन सत्तासीन तीन तिकडमबाजको आफन्तवाद र कृपावादका कारण ओझेलमा परेका, आफूभन्दा ठूलो घर र मोटर भएका राजनीतिकर्मीसँग ईर्ष्यालु बनेका एवं आफ्ना सन्तानलाई विदेश पठाएर देशप्रतिको कर्तव्यमा अपराधबोध (गिल्ट) महसुस गरिरहेका सम्भ्रान्त एवं नव-सम्भ्रान्तका लागि बालेनको भिडियोमा एउटा 'लाइक' वा 'सेयर' गर्नु नै क्रान्तिमा सहभागी हुनु बराबर भइसकेको थियो । प्रधानमन्त्री शाह एवं उनको सहरिया मध्यमवर्ग बाहुल्यको 'सुनौलो मन्त्रिमण्डल' सफल तर असन्तुष्ट सम्भ्रान्तका लागि एक प्रकारको सांख्यिक परिशोधन (डिजिटल रिडेम्प्सन) हो भन्दा पनि हुन्छ ।

सहरिया मध्यमवर्गको अर्को चाहना भनेको नियम र अनुशासनको पालना अर्थात् सन्तुलित 'अर्डर' हो- सफा सडक, व्यवस्थित सहर र दृश्यात्मक सुन्दरता- जहाँ सबै पात्र आफ्ना निर्दिष्ट भूमिका निर्वाह गर्छन् । त्यस सौन्दर्यशास्त्रको पर्दा पछाडि लुकेको वर्गीय, नृजातीय, धार्मिक, सांस्कृतिक वा लैंगिक असमानता सुविधाभोगी वर्ग र समुदायको चासोका विषय होइनन् । जब फुटपाथबाट गरिबको रोजीरोटी खोसिन्छ, त्यसबखत त्यो प्रवर्गले सरसफाइ र सौन्दर्यबोध (एस्थेटिक्स) मात्र देख्छ, सामाजिक न्यायको अवरोध देख्दैन ।

### कलाविहीन प्रदर्शन

प्रधानमन्त्री शाह सहरिया मध्यमवर्ग र सामाजिक एवं अर्थराजनीतिक रूपले सुविधाभोगी प्रवर्गका लागि राजनीतिक पथप्रदर्शक नभई पछ्याउन योग्य कालो पहिरन र कालो चस्मामा सजिएका 'पप आइकन' हुन्- उनका आँखाहरूले सबैलाई देख्छन् तर उनको आँखाको भाव अरू कसैले देख्न सक्दैन । समग्र नेपाली समाज अहिले एउटा खतरनाक संक्रमणकालीन मनोविज्ञानमा छ- नागरिकहरू आफ्ना प्रियपात्रको प्रस्तुतिका फगत 'दर्शक' मा रूपान्तरित भएका छन् । नागरिकले प्रश्न सोध्छ, जवाफदेहिता खोज्छ र प्रक्रियामा सक्रिय सहभागिता जनाउँछ । दर्शक भने सिटी फुक्छ, ताली बजाउँछ वा नाकको कसिंगर निकाल्दै 'क्लाइमेक्स' कुरेर बस्छ । यो 'डेमोक्रेसी' नभएर 'थिएटरोक्रेसी' हो । त्यसैले प्रदर्शन सकिएपछि प्रस्तोतासँगै दर्शकले पनि जीवनका कठोर यथार्थको सामना गर्नुपर्ने निश्चित छ । प्रदर्शन चलिरहेसम्म सबै कलाबाज पनि आ-आफ्ना करतब देखाउन प्रतिबद्ध देखिन्छन् ।

प्रधानमन्त्री शाह मौनतामार्फत आफ्नो तागत देखाउने नायक (हिरो) जस्ता देखिन्छन् । प्रशंसकलाई लाग्छ- तिनका लागि शान्त भएर लडिरहेको पात्र अन्ततः विजयी होस् ।नाटकघरमा जस्तै प्रदर्शनमुखी राजनीति (पर्फर्मेटिभ पोलिटिक्स) पनि कहिलेकाहीँ विषयवस्तुको सारभन्दा प्रमुख पात्रहरूको शैलीमा निर्भर हुन पुग्ने रहेछ । प्रधानमन्त्री शाह मौनतामार्फत आफ्नो तागत देखाउने नायक (हिरो) जस्ता देखिन्छन् । प्रशंसकलाई लाग्छ- तिनका लागि शान्त भएर लडिरहेको पात्र अन्ततः विजयी होस् । रवि लामिछाने मूल पात्र (प्रोटागोनिस्ट) छन्, जो दगुर्छ, खस्छ र धूलो टकटकाएर फेरि हिँड्दै गर्दा धेरै कुरा सिक्दै जान्छ । देउवालाई खलपात्र र शर्मा ओलीलाई खलनायक बनाएर उभ्याइएको छ । गृहमन्त्री भने नियम, कानुन र परम्परा केही नमान्ने प्रतिशोधी फरिस्ता (अभेन्जिङ एन्जेल) को भूमिकामा पुराना राजनीतिकर्मी एवं तिनका समर्थक व्यवसायीहरूबीच हडकम्प मच्चाइरहेका छन् भने प्रहरी र प्रशासनलाई थुमथुम्याएर ताली बटुलिरहेका छन् । लाग्छ, राष्ट्रिय राजनीतिको मञ्चमा कुनै दार्शनिक नाटकको साटो 'सी-ग्रेड' दक्षिण भारतीय सिनेमाको पटकथाअनुसारको नौटंकी मञ्चन भइरहेको छ । मनोरञ्जनको लत बसेको दर्शकलाई अहिले नयाँ वर्षको शुभकामनाबाहेक अरू केही भन्न हतारो हुनेछ ।

पात्रहरूमध्ये सुनको जलहरी चढाइएका पशुपतिनाथ र ठोरीमा जन्मेका रामले शर्मा ओलीको कल्याण गरून् । उज्जैनका महाकालले दाहालको रक्षा गरिरहेकै छन् । गोर्खाली राजाबाट न्याय पाएका देउवाको भलो पनि गुरू गोरखनाथले पक्कै पनि गर्नेछन् । प्रधानमन्त्री शाहले भद्रकाली मन्दिर र मुख्यालयको आशीर्वाद पाइरहून् । सबै आस्थावान्लाई अब्राहमिक परिवारका भए परमेश्वर परिवारका भए आ-आफ्ना कुलदेवी वा आराध्यदेवको संरक्षण प्राप्त भइरहोस् । अनिश्वरवादी एवं धर्मनिरपेक्ष व्यक्तिहरूमा ग्राम्सीले लोकप्रिय बनाएका 'बुद्धिको निराशावाद र इच्छाशक्तिको आशावाद' मान्यताअनुसार कर्मक्षेत्रमा डटिरहने प्रतिबद्धता कायम रहोस्- विसं २०८३ को शुभकामना । - *कान्तिपुर*



# विद्युत् बक्यौताको बाँकी किस्ता तिर्न प्राधिकरणले काट्यो उद्योगीलाई पत्र



काठमाडौं । नयाँ सरकार गठनभएसँगै नेपाल विद्युत् प्राधिकरणले उद्योगीहरूलाई लोडसेडिङको समयमा डेडिकेटेड फिडर र ट्रंकबापत प्रयोग गरेको बिजुलीको प्रिमियम बक्यौता तिर्न पत्र काटेको छ । प्राधिकरणले गत शुक्रबार उद्योगलाई पत्राचार गर्दै किस्ता नतिरेको अवस्थामा 'विद्युत् संकलन विनियमावली २०७८' अनुसार कारबाही गर्ने चेतावनीसमेत दिएको छ । उक्त विनियमावलीमा महसुल नतिर्ने ग्राहकको लाइन काट्ने व्यवस्था छ । यही विनियमावलीअनुसार प्राधिकरणले यसअघि पनि बक्यौता नतिर्ने उद्योगको लाइन काटेको थियो । यद्यपि, प्राधिकरणको पत्रमा कहिलेसम्म किस्ता तिर्नुपर्ने भनेर समय सीमा तोकिएको छैन ।

प्राधिकरणका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले किस्ता तिर्नु भन्दै उद्योगीलाई पत्र काटेको जानकारी दिए । 'अहिले कुनै पनि उद्योगीले बक्यौताको किस्ता तिरेका छैनन् । त्यो अवस्थामा किस्ता तिर्नु भन्दै पत्राचार गरेका छौं,' उनले भने, 'अन्यथा निमयअनुसार कारबाही हुने भनेर सचेत पनि गराएका छौं ।'

लाइन काट्ने विषयमा अहिले नै कुनै ठोस निर्णय भइनसकेको उनले बताए । 'उद्योगीलाई यही मितिभित्र किस्ता तिर्नु भनेर मिति तोकेका छैनौं । लाइन काट्ने विषयमा पनि अहिले कुनै निर्णय भइसकेको छैन,' उनले भने, 'यसअघि अन्तरिम सरकारका पालामा २१ कात्तिकमा प्रधानमन्त्री कार्यालयबाट यसमा सहजीकरण गर्नु भनेर पत्र आएको थियो । त्यस सम्बन्धमा बोर्डले कानुनविज्ञको सल्लाह लिँदै छ ।

अहिले हामीले बोर्डको निर्णयको प्रतीक्षामा पनि छु । बोर्डबाट जस्तो निर्देशन आउँछ, त्यहीअनुसार कारबाही अघि बढ्छ । तर, नियमित प्रक्रियाअन्तर्गत उद्योगीलाई बक्यौताको किस्ता तिर्न ताकेता गरेका हौं ।' स्रोतका अनुसार नवनियुक्त ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले यो बक्यौता उठाउने प्रक्रिया अघि बढाउन प्राधिकरणको नेतृत्वलाई मौखिक निर्देशन दिइसकेका छन् । गत साता मन्त्री श्रेष्ठले प्राधिकरणको नेतृत्वसँगै एक चरणको वार्तासमेत गरिसकेका छन् । ऊर्जामन्त्री प्राधिकरण सञ्चालक समितिको अध्यक्ष पनि हुन् । १० वर्षदेखिको यो बक्यौता असुल गर्ने विषयमा सरकारको अस्थिर नीति फरक देखिँदै आएको छ ।

यसअघि केपी ओली नेतृत्वको सरकारले करिब आठ अर्बबराबरको यो बक्यौतामा छुट दिने प्रयास गर्दा रास्वपाका सांसदले संसदीय समितिदेखि संसद्सम्म चर्को विरोध गर्दै बक्यौता उठाउन जोड दिएका थिए । अहिले रास्वपाकै एकल बहुमतप्राप्त सरकार छ । रास्वपाबाटै ऊर्जामन्त्री भएका श्रेष्ठले बक्यौता उठाउने कार्यलाई चासोका साथ हेरेको स्रोतको भनाइ छ । यसअघि विभिन्न तहका अदालतले यो बक्यौता उठाउनुपर्ने आशयसहितको आदेश जारी गरेका छन् । विभिन्न मितिका मन्त्रिपरिषद्को निर्णय, महालेखाको प्रतिवेदन, प्राधिकरणको सञ्चालक समितिको निर्णय, विद्युत् नियमन आयोग, लेखा समितिलगायतका निकायले पनि बक्यौता उठाउने निर्णय गरेका थिए । नयाँ सरकारले त्यसकै आधारमा बक्यौता उठाउनुपर्ने प्राधिकरणका पूर्वसञ्चालक कपिल आचार्य बताउँछन् ।

लोडसेडिङका वेला प्राधिकरणले थप ६५ प्रतिशत प्रिमियम शुल्क तिर्ने सर्तमा उद्योगहरूलाई ट्रंकलाइनबाट २० घण्टा र डेडिकेटेड फिडरबाट २४ घण्टासम्म विद्युत् दिएको थियो । त्यसरी विद्युत् प्रयोग गर्ने ग्राहक दुई सय ५० भन्दा बढी थिए । तर, केही उद्योगले बक्यौता तिर्न पहिलेदेखि नै आनाकानी गर्दै आएका छन् । यसमा ४६ उद्योगको माघ ०७२ देखि वैशाख ०७५ सम्मको करिब साढे सात अर्ब बक्यौता उठाउन बाँकी छ । यो बक्यौता तिर्न प्राधिकरणले २८ किस्ताको सुविधा दिने भने पनि उद्योगीले आनाकानी गर्दै आएका छन् ।

पछिल्लो पाँच महिनायता उद्योगको विद्युत् बक्यौता असुली ठप्पजस्तै छ । कुलमान घिसिङ अन्तरिम सरकारको ऊर्जामन्त्री भएसँगै गत कात्तिकमा अधिकांश उद्योगीले किस्ता तिर्न सुरू गरेका थिए । त्यसवेला २५ उद्योगमा लाइनसमेत काटिएको थियो । तर, गत पुसमा ऊर्जामन्त्रीबाट कुलमानले राजीनामा दिएपछि बक्यौता असुलीको काम ठप्पै भएको छ । माघ ०७२ देखि वैशाख ०७५ सम्मको अवधिमा ५८ उद्योगले बक्यौता तिर्नुपर्ने देखिएको थियो । त्यसमा १२ उद्योगले सबै बक्यौता तिरेका छन् । दुई सरकारी उद्योगले बक्यौता तिर्ने लिखित प्रतिबद्धता गरेका छन् । पछिल्लो कारबाहीपछि ३५ उद्योग किस्ता तिर्ने प्रक्रियामा आएका थिए ।

त्यसमा रिलायन्स स्पिनिङ मिल्सले पहिलो किस्ता तिरेपछि अन्तरिम आदेश पाएको छ । रिलायन्ससहित सात उद्योग प्राधिकरणविरूद्ध अदालतबाट अन्तरिम आदेश लिएर बसेका छन् । यसैगरी, थप तीन उद्योग बक्यौता तिर्ने आएका छैनन् । सरकारी, किस्ता तिर्न छोडेका, अन्तरिम आदेश पाएका र सम्पर्कमै नरहेकासहित ४६ उद्योगको बक्यौता असुल हुन बाँकी छ । त्योअनुसार ३४ उद्योगले किस्ता तिर्नुपर्ने भए पनि सम्पर्कमा छैनन् ।

# दिक्तेलमा 'रैथाने कृषि मार्ट'

खोटाङ । सालपा कृषि कम्पनी प्रालि खोटाङले दिक्तेल बजारको किराँतचोकमा 'रैथाने कृषि मार्ट' सञ्चालनमा ल्याएको छ । स्थानीय कृषकलाई जैविक एवं प्रांगारिक खेती प्रणालीसँग सम्बन्धित आवश्यक बिउ, प्रविधि, सिप तथा औजारमार्फत कृषकको उत्पादनदेखि विश्वबजारसम्मको पहुँच स्थापनामा सहजीकरण गर्ने उद्देश्यसहित सालपा कृषि कम्पनीले दिक्तेल बजारमा कृषि मार्ट सञ्चालनमा ल्याएको हो । कृषकको उत्पादनले बजारसम्मको पहुँच पाउन नसक्दा कृषि पेसाप्रति नै वितृष्णा पैदा हुँदै गएकाले त्यसलाई संरक्षण तथा प्रवर्द्धन गर्न सालपा कृषि कम्पनी स्थापना गरेर कृषि मार्ट सञ्चालन गरिएको कम्पनीका अध्यक्ष ध्रुव श्रेष्ठले जानकारी दिएका छन् ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराई र उपप्रमुख विशन राईले बुधबार संयुक्त रूपमा उद्घाटन गरेको कृषि मार्टमा लेकाली सिमी, कालो दाल, सेतो ड्वांगे दाल, लेकाली मकै, भटमास, सातु, कागुनो, नफलेको (ब्राउन) स्थानीय अटेमार्सी चामल, फलेको अटेमार्सी चामल, मकैको च्यांख्ला, जुवाइँ कोदोको पिठो, फापरको पिठो, कालो गहत, खैरो गहत, गुन्द्रुक, पिँडालुको सिम्टा र भुजुरी, जौ, आलुको मस्यौरा, रावाखोलाको असला माछाको सुकुटी, तिल, बदाम, सुकेको अकबरे खुर्सानी, सुकेको जिरे खुर्सानी, बेसार, स्थानी तोरीको तेल, उसिनेको लेकाली मकै, घ्यू, मेहेलको सर्बत, सखर, जुनेलोलगायतका कृषि उपज बिक्रीका लागि राखिएको छ । बिउबिजनमा भटमासहरु, जुवाइँ कोदो, लेकाली सिमी, मकै, जौ, कागुनो, जुनेलो, गहतहरु, दालहरु, मुला, गाँजर, गोलभेँडा, प्याज, लसुन, धनियाँ, रायो सागलगायत रहेको कम्पनीका व्यवस्थापक देवकुमार राईले जानकारी दिएका छन् ।

मार्टमा आधुनिक कृषि सामग्री तथा औजारहरूसमेत रहेको जनाइएको छ । हजारी, स्प्रे मेसिन, प्रांगारिक मलहरु, भिटामिन, प्लास्टिक टनेल, फेन्सिङ जाली, हर्मेटिक ब्याग, साइलेज ब्याग, च्याउको प्लास्टिक, गार्डेनिङ प्राइप आदि आवश्यकीय कृषि सामग्री तथा औजारहरु बिक्रीका लागि राखिएको कम्पनीले जनाएको छ । कृषिजन्य सामग्री उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि रैथाने तथा गुणस्तरीय बिउबिजन, मल, सिप औजार र प्रविधिसम्बन्धी किसानसँग सहकार्य गरेर दिगो कृषि विकासका लागि विभिन्न कार्यक्रम तथा योजना सञ्चालन गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ । यस्तै, कृषिजन्य वस्तुहरूको संकलन, प्रशोधन र प्याकेजिङ गरी गुणस्तयुक्त उत्पादन बजारमा पुऱ्याउन, स्थानीय कृषि उपजका बिउबिजन संकलन, संरक्षण गर्ने तथा जैविक अर्गानिक कृषि उत्पादनलाई सुरक्षित भण्डारण तथा चिस्यान केन्द्र व्यवस्थापन गरी बिक्री-वितरण गर्ने, कृषक र कृषक समूहको कृषि उत्पादन खरिद गरी बजारीकरण गर्ने, रैथाने कृषि उत्पादनलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्मको पहुँच विस्तार गर्ने जनाइएको छ ।

विभिन्न ठाउँमा बसोबास गर्दै आएका १५ जना व्यक्तिको सेयर लगानीमा स्थापना गरिएको कृषि कम्पनीले सरकारी तथा गैरसरकारी कार्यालय, सहकारी संस्था, किसान समूह, बैंक तथा वित्तीय संस्था र उद्देश्य मिल्ने अन्य व्यवसायीसँग साझेदारी र सहकार्य गर्ने, वातावरणमैत्री प्रविधि, जैविक खेती र दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ । यस्तै, स्थानीय प्रविधिको नवप्रवर्तन, अध्ययन, अनुसन्धान र प्रयोगमार्फत उत्पादन प्रणालीमा सुधार गर्ने, कृषि फर्म, कृषि पर्यटन, कृषि उद्योग, कृषि उपज बिक्री केन्द्र र तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने, पशुपालन, पशुजन्य उत्पादन तथा प्रशोधन, प्याकेजिङ र बजारीकरण गर्ने कम्पनीले जनाएको छ ।

कृषि कम्पनीले कृषि प्राविधिक परिचालन गरी जिल्लाभरिका विभिन्न कृषक समूहमार्फत रैथाने बाली खेती प्रणालीको सम्भावनाको खोजी, खेतबारीदेखि बिउ भण्डारण, समर्थन मूल्य निर्धारण, ग्रेडिङ तथा प्याकेजिङ, गुणस्तर प्रत्याभूति आदि आवश्यक सिप तथा प्रविधि हस्तान्तरण गर्ने जनाएको छ । जिल्लामा उत्पादित सम्पूर्ण कृषि उपजहरु आवश्यक प्रक्रिया पूरा गरी ब्रान्डिङमार्फत बजारसम्म पुऱ्याउने र आउटलेटका निकट भविष्यमा नै काठमाडौंमा बिक्री केन्द्र सञ्चालन गर्ने तयारी गरेको छ ।

## खेलकुद

# पिएम कपका शीर्ष ६ टिम जय ट्रफीका लागि छानिए



प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट आगामी सिजनको राष्ट्रिय जय ट्रफीका लागि ६ टोली छनोट भएका छन् । प्रधानमन्त्री कपअन्तर्गत बुधबार समूह चरणका सबै खेल समाप्तिपछि शीर्ष ६ स्थान सुरक्षित गरेका टोली जय ट्रफीमा छानिएका हुन् । समूह चरणमा सहभागी दश टोलीले एक-अर्काविरूद्ध समान नौ खेल खेलेका थिए । जसबाट त्रिभुवन आर्मी, सुदूरपश्चिम, नेपाल एपिएफ, मधेश प्रदेश, नेपाल पुलिस तथा लुम्बिनी प्रदेश शीर्ष ६ स्थानमा रहँदै जय ट्रफीका लागि छनोट भएका हुन् ।

रनरेटका आधारमा गण्डकी प्रदेश सातौं स्थानमा रह्यो । गण्डकी र लुम्बिनीले नौ खेलबाट समान ९ अंक बटुलेका थिए । रनरेट राम्रो हुँदा लुम्बिनी छैटौं स्थानमा रह्यो । बागमती, कर्णाली र कोशी प्रदेश यसअघि नै जय ट्रफीको दौडबाट बाहिरिएका थिए । प्रतियोगितामा कोशी प्रदेशले एक खेल पनि जितेन । कर्णालीले एक खेल मात्र जित्यो । बागमती र गण्डकीले समान चार खेल जितेका छन् ।

लिग चरणमा ४४ खेल हुँदा आर्मी क्लब अपराजित रह्यो । एक खेल वर्षाले रद्द हुँदा आर्मीले आठ खेलमा जित निकाल्यो । आर्मीले अन्तिम खेलमा बुधबार लुम्बिनी प्रदेशमाथि रोमाञ्चक एक विकेटको जित निकाल्यो । अर्को खेलमा मधेशले नेपाल पुलिसलाई चार विकेटले हराएको थियो । दोस्रो स्थानमा सुदूरपश्चिम रह्यो । सुदूरपश्चिमले नौ खेलबाट १२ अंक हात पारेको छ ।

प्रधानमन्त्री कपको फाइनलमा आर्मी र सुदूरपश्चिमबिच प्रतिस्पर्धा हुनेछ । नेपाल क्रिकेट संघले शीर्ष दुई स्थानमा रहने टोलीबिच उपाधि भिडन्त हुने जनाएको छ । यो खेल शुक्रबार हुनेछ । नेपाल एपिएफ क्लब ११ अंकका साथ तेस्रो स्थानमा छ । एपिएफसँग समान अंक जोडेको मधेश रनरेटमा चौथोमा रहेको छ । लुम्बिनी र पुलिसले पनि ९ अंक हात पारेका छन् । रनरेटमा पुलिस पाँचौं लुम्बिनी छैटौं भयो ।

# विश्व कराते वरियतामा फड्को मार्दै एरिका नवौं स्थानमा

डब्लुकेएफ कराते वान प्रिमियर लिगमा लगातार दोस्रो रजत पदक जित्दै इतिहास रचेकी नेपाली कराते स्टार एरिका गुरुङले डब्लुकेएफ वरियतामा पनि फेरि फड्को मारेकी छिन् । डब्लुकेएफको पछिल्लो अपडेट वरियता अनुसार महिला ६८ केजीमाथि तौल समूहमा फड्को एरिका नवौं स्थानमा उक्लेकी छिन् । एरिकाले २०८२ चैत अन्तिमा चीनको लेशानमा भएको पछिल्लो कराते वान प्रिमियर लिगमा रजत पदक जितेपछि वरियतामा सुधार गरेकी हुन् ।

एरिकाले लगातार फाइनलमा स्थान बनाउँदै स्वर्ण नजिक पुगेपनि कजाखस्तानकी सोफिया बेरूत्सेभासँग प्रतिस्पर्धात्मक खेलमा २-१ ले पराजित भएपछि यस पटक पनि रजत जितेकी हुन् ।



यसअघि गत माघमा टर्किएमा भएको कराते वान प्रिमियर लिगमा ऐतिहासिक रजत जितेपछि एरिका १३औं स्थानमा उक्लेकी थिइन् ।

अन्तर्राष्ट्रिय करातेमा पछिल्लो समय एरिका गुरुङले लगातार उत्कृष्ट प्रदर्शन गर्दै ठूलो उपलब्धि हासिल गरेकी छिन् । नेपाली करातेमा यो ऐतिहासिक उपलब्धि हो । यस्तै २०२६ को कराते वान प्रिमियर लिगमा भने एरिका समग्रमा दोस्रो वरियतामा छन् । पहिलो स्थानमा सोफिया छिन् ।

सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियन गेम्समा रजत जितेर उदायकी एरिकाले त्यसयता नियमित अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्दै महत्वपूर्ण पदकहरु जित्दै आएकी छिन् । एरिकाले पहिलो पटक कराते वान प्रिमियर लिग २०२५ मा मोरोक्कोमा खेलेकी थिइन् । त्यसबेला एरिकाले कांस्य जितेकी थिइन् ।

एरिकाले विश्व च्याम्पियनसिपमा पनि प्रतिस्पर्धा गरेकी छिन् । यसबाहेक उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरु खेल्दै पदक जितेकी छिन् । एरिकाले अन्तर्राष्ट्रिय कराते प्रतियोगिताहरूमा विश्वकै शीर्ष वरियताका खेलाडीहरूसँग लगातार खेल्दै आएकी छिन् भने शीर्ष वरियताका खेलाडीहरूलाई समेत पराजित गरिसकेकी छिन् ।

सन् २०२३ मा चीनको हान्झाउमा भएको १९औं एसियन गेम्समा ६८ केजी तौल समूहमाथि रजत पदक जितेपछि नेपाली करातेमा एरिकाको चर्चा हुन थालेको थियो । त्यसअघि नै उनले विश्व सितोरियो कराते च्याम्पियनसिपमा स्वर्ण जितेकी थिइन् । तर हान्झाउको रजतपछि उनको असली चर्चा सुरू भएको थियो । यस्तै हान्झाउमै भएको एसियन कराते च्याम्पियनसिपमा पनि उनले रजत पदक जितेकी थिइन् ।

कर्पोरेट

## ● टेलिकमको नयाँ वर्ष अफर

नेपाल टेलिकमले नयाँ वर्ष ०८३ को अवसरमा प्रिपेड तथा पोस्टपेड मोबाइलका ग्राहकलक्षित अफर सार्वजनिक गरेको छ । अफरअन्तर्गत न्यु इयर लाइट र न्यु इयर प्रिमियम गरी दुई प्रकारका प्याकेज उपलब्ध हुनेछन् । न्यु इयर लाइटअन्तर्गत ४ सय ९९ मा प्रतिदिन ५ जिबी डेटा उपलब्ध हुनेछ । र, पाँच जिबीको लिमिट पूरा भएपछि पनि बाँकी समय २ एमबिपिएस स्पिडमा अनलिमिटेड डेटा प्रयोग गर्न सकिनेछ । त्यसैगरी, न्यु इयर प्रिमियमअन्तर्गत ६ सय ९९ मा प्रतिदिन १० जिबी डेटा उपलब्ध हुनेछ । १० जिबीको लिमिट पूरा भएपछि पनि बाँकी समय ३ एमबिपिएस स्पिडमा अनलिमिटेड डेटा प्रयोग गर्न सकिनेछ । दुवै प्याकेज चलाउन सकिने समयावधि ३० दिनको हुनेछ । यो योजना ३० चैतदेखि २ वैशाखसम्म रहनेछ ।

## ● एनएमबि सरल बचत फन्ड-ईको आकार १० अर्ब स्वीकृत

एनएमबि बैंक कोषप्रवर्द्धक र एनएमबि क्यापिटल योजना व्यवस्थापक रहेको 'एनएमबि सरल बचत फन्ड-ईको आकार १० अर्ब रुपैयाँ स्वीकृत भएको छ । एनएमबि म्युचुअल फन्डअन्तर्गतको यो योजनाको आकार १० अर्ब पुऱ्याउन नेपाल धितोपत्र बोर्डले ८ चैतमा अनुमति दिएको हो ।

साथै, केयर रेटिङ संस्था इक्रा नेपालले एनएमबि क्यापिटलको फन्ड म्यानेजमेन्ट क्वालिटी रेटिङलाई इक्रा एमसी २ प्लसमा स्तर वृद्धि गरेको छ । यो मूल्यांकनले कोष व्यवस्थापनको गुणस्तरमा उच्च विश्वसनीयता रहेको स्थितिलाई जनाउँछ । यससँगै एनएमबि क्यापिटल यस क्षेत्रमा सबैभन्दा उच्च रेटिङ प्राप्त गर्ने कम्पनी बनेको बताइएको छ ।

एनएमबि म्युचुअल फन्डअन्तर्गत हाल तीन बन्दमुखी र एक खुलामुखी योजना सञ्चालनमा छन् । एनएमबि-५० को ३० फागुनको खुद सम्पत्ति १.३६ अर्ब कायम छ । त्यस्तै, एनएमबि सुलभ इन्भेस्टमेन्ट फन्ड-२ को खुद सम्पत्ति १.४९ अर्ब र एनएमबि हाइब्रिड फन्ड एल-२ को खुद सम्पत्ति १.४७ अर्ब कायम रहेको क्यापिटलले जनाएको छ ।

## ● सानिमा बैंकको 'बससेवा क्यासब्याक' अभियान

सानिमा बैंकले बससेवा क्यासब्याक अभियान पुनः सञ्चालन गरेको छ । बैंकले डिजिटल कारोबार प्रवर्द्धनमा ग्राहकबाट प्राप्त सकारात्मक प्रतिक्रियास्वरूप यो अभियान सञ्चालनमा ल्याएको हो । अभियानअन्तर्गत बैंकका डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी बससेवामार्फत बस टिकट खरिद गर्ने ग्राहकले आकर्षक क्यासब्याक प्राप्त गर्न सक्नेछन् ।

नेपालभित्र यात्रा गर्दा १५ प्रतिशत वा अधिकतम दुई सयसम्म तथा भारत यात्रा गर्दा १५ प्रतिशत वा अधिकतम चार सयसम्मको क्यासब्याक प्राप्त गर्न सकिने बताइएको छ । यो योजना ०८३ वैशाख १ गतेदेखि असोज ३१ गतेसम्म लागू हुनेछ । यस पहलमार्फत बैंकले डिजिटल भुक्तानी प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्दै ग्राहकलाई सुविधा प्रदान गर्ने आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याएको जनाएको छ । बैंकले नगदरहित अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउन विभिन्न क्यासब्याक योजना तथा छुट उपलब्ध गराउँदै आएको छ ।

## ● एनआइसी एसिया बैंकले गऱ्यो सहारा घरलाई सहयोग

एनआइसी एसिया बैंकले कैलालीस्थित सहारा घरलाई आवश्यक सामग्री सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बर्दगोरिया गाउँपालिका-२, कैलालीस्थित असहारा घरमा आश्रितलाई सहयोग गरेको हो । सहयोग सामग्रीमा डाइनिङ टेबुल, बेन्चका साथै स्वच्छ खानेपानीको सुविधाका लागि वाटर डिस्पेन्सर रहेका छन् । बालबालिका, महिला, शारीरिक रूपमा विशेष क्षमता भएका तथा पाका उमेर व्यक्तिसहित ९७ जनालाई सहारा घरले आश्रय दिइरहेको छ । सहयोग सामग्री बैंकका सर्कल हेड धनगढीका दीपक विष्टले संस्थाका अध्यक्ष बलबहादुर विष्टलाई हस्तान्तरण गरेका हुन् ।

सहारा घरले असहाय, परनिर्भर, बालबालिका तथा सहयोगको आवश्यकता भएका व्यक्तिलाई खानेबस्ने सुविधासहित आश्रय दिँदै आएको छ । बैंकले उपलब्ध गराएको सहयोगले उक्त संस्थामा आश्रित व्यक्तिको बसाइ र स्वच्छ खानेपानीको सुविधा अझ सहज हुने बैंकले विश्वास लिएको छ ।

यसअघि बैंकले शान्ति सेवा गृहमा रहेका विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको थियो । साथै, सातै प्रदेशका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत गरिब, जेहेन्दार, विपन्न, पिछडिएका वर्ग तथा शारीरिक रूपमा विशेष क्षमता भएका विद्यार्थीलाई छात्रवृत्तिसमेत प्रदान गरिसकेको छ ।

बैंकले छात्रवृत्तिसँगसँगै सातै प्रदेशका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा पुस्तकालय भवन निर्माण गरी पुस्तकालय स्थापनासमेत गरेको बताइएको छ ।

## ● महालक्ष्मी विकास बैंकद्वारा नयाँ वर्षलक्षित विभिन्न योजना सार्वजनिक

महालक्ष्मी विकास बैंकले नेपाली नयाँ वर्ष २०८३ लाई लक्षित गर्दै विभिन्न योजनाहरु सार्वजानिक गरेको छ। 'महालक्ष्मी स्मार्ट साथी' मोबाइल एपमार्फत बैंकका सबै सक्रिय मोबाइल बैकिङ प्रयोगकर्ताहरूले आफ्नो मोबाइल बैकिङ प्लेटफर्ममार्फत वैशाखको पहिलो हप्तामा कम्तीमा एक कारोबार गरेको अवस्थामा गोलाप्रथामार्फत तीनजना प्रयोगकर्ताले आकर्षक भ्रमण प्याकेज जित्ने बैंकले जनाएको छ।

विजेताहरूले आन्तरिक पर्यटनअन्तर्गत पोखरा, चितवन र मनकामना आफ्नो जोडीसहित भ्रमण गर्न पाउनेछन्। साथै, डिजिटल बैकिङलाई प्रोत्साहन गर्न मोबाइल बैकिङ प्रयोगकर्ताहरूले विभिन्न डिजिटल कारोबार गरे बापत पाउने रिवार्ड पोइन्टलाई अझ प्रवर्धन गर्ने बैंकको विश्वास छ।

मोबाइल बैकिङ प्रयोगकर्ताले प्राप्त गर्ने 'फोन प्वाइन्ट्स रिवार्ड्स' एपमा जम्मा हुनेछ। यो एप प्लेस्टोर तथा एप्स स्टोरमार्फत डाउनलोड गर्न सकिनेछ। यस्तो रिवार्ड पोइन्ट निश्चित सर्तभित्र रही ग्राहकहरूले विभिन्न सामानहरु खरिद गर्दा तथा अन्य कार्यहरूमा प्रयोग गर्न सक्छन्। नयाँ वर्षकै अवसरमा बैंकले सुलभ ब्याजदरको घरकर्जासमेत सञ्चालनमा ल्याएको छ। महालक्ष्मी घर कर्जाअन्तर्गत आवासीय/व्यापारिक घर/जग्गा खरिद गर्न, घर निर्माण गर्न, अर्पाटमेन्ट खरिद गर्न, घर थप/पुर्ननिर्माण/मर्मत सम्भार गर्न न्यूनतम २ वर्षदेखि अधिकतम ३० वर्ष अवधि रहने गरी कर्जा प्रदान हुनेछ। यस्तो कर्जाको ब्याजदर ७ वर्ष अवधिको लागि स्थिर रहने बैंकले प्रस्टयाएको छ।

## ● वाणिज्य बैंकहरूले घटाए ब्याजदर

वाणिज्य बैंकहरूले वैशाख महिनाका लागि ब्याजदर घटाएका छन् । कुल बैंकमध्ये १० वटाले ब्याजदर यथावत् राख्दा नौवटाले घटाएका छन् भने एक बैंकले मात्र वृद्धि गरेको छ। ब्याजदर स्थिर राख्ने बैंकहरूमा प्राइम कमर्सियल बैंक, नेपाल बैंक, ग्लोबल आइएमई बैंक, माछापुच्छ्रे बैंक, नेपाल एसबिआई बैंक, लक्ष्मी सनराइज बैंक, सानिमा बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, प्रभु बैंक र एनएमबि बैंक रहेका छन्।

त्यस्तै, सिद्धार्थ बैंक, एभरेस्ट बैंक, कुमारी बैंक, स्ट्यान्डर्ड चार्टर्ड बैंक, सिटिजन्स बैंक, हिमालयन बैंक, नबिल बैंक, एनआइसी एसिया बैंक र राष्ट्रिय वाणिज्य बैंकले ब्याजदर घटाएका छन्। सिद्धार्थ बैंक र एनआइसी एसिया बैंकले व्यक्तिगत तथा संस्थागत मुद्दती निक्षेपमा अधिकतम ब्याजदर ०.२५ प्रतिशत विन्दुले घटाएका छन्। हिमालयन बैंकले क्रमशः ०.५० र ०.२५ प्रतिशत विन्दुले कमी गरेको छ।

अन्य बैंकहरूले मुख्यतः व्यक्तिगत निक्षेपतर्फ ब्याजदर घटाएका छन्। सिटिजन्स बैंकले ०.३५ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकले ०.२५ प्रतिशत, एभरेस्ट बैंकले ०.२० प्रतिशत, कुमारी बैंकले ०.०७ प्रतिशत र स्ट्यान्डर्ड चार्टर्ड बैंकले ०.०१ प्रतिशत विन्दुले ब्याजदर घटाएका छन्। नबिल बैंकले भने संस्थागत निक्षेपतर्फ ०.५४ प्रतिशतले ब्याजदर घटाएको छ। कृषि विकास बैंक भने ब्याजदर बढाउने एक मात्र बैंक बनेको छ। उक्त बैंकले साधारण बचत खातादेखि संस्थागत मुद्दती निक्षेपसम्म ०.०३ प्रतिशत विन्दुले ब्याजदर वृद्धि गरेको जनाएको छ।

## ● बस सेवाको 'न्यू इअर, न्यू एड्भेन्चर' क्याम्पेन

बस तथा हवाई उडान सेवाको अनलाइन टिकट बुकिङ प्लेटफर्म बस सेवाले नयाँ वर्षलाई लक्षित गर्दै धमाकेदार क्याम्पेन सार्वजनिक गरेको छ। जसअन्तर्गत बस सेवा अनलाइनबाट टिकट काट्ने यात्रुले माउन्टेन फ्लाइट, बन्जी जम्प, फ्री बस टिकटसहित सयौंजनाले क्यास ब्याकको सुविधा पाउने छन्।

बस सेवाले सार्वजनिक गरेको 'न्यू एअर, न्यू एड्भेन्चर' क्याम्पेन २९ चैतदेखि १५ वैशाखसम्म जारी रहनेछ। यस अवधिमा बस सेवा अनलाइन प्लेटफर्ममार्फत बस तथा हवाई उडानको टिकट काट्नेमध्ये एकजनाले 'माउन्टेन फ्लाइट'को अवसर पाउने छन्। बस सेवाले यति एयरलाइन्ससँगको सहकार्यमा आफ्ना ग्राहकलाई यो अवसर उपलब्ध गराएको हो।

यस्तै, क्याम्पेनअन्तर्गत नै दुईजनाले पोखरामा बन्जीजम्प र दुईजनाले प्याराग्लाइडिङको अवसर पाउने छन्। यसअन्तर्गत पोखरा जाने आउने बस टिकटसमेत निःशुल्क उपलब्ध हुनेछ। यसमा ट्रिप टर्बोले बससेवासँग सहकार्य गरेको बससेवाका व्यापार प्रमुख डेनिसजंग थापाले बताए। थापाका अनुसार बससेवामार्फट अनलाइन टिकट बुकिङ गर्ने यात्रु तथा उपभोक्तालाई वर्षैभरि फ्री टिकट, क्यासब्याकलगायत विभिन्न छुट दिँदै आएको छ।

## ● एनसेल प्रयोगकर्तालाई हिमालयन जाभा कफीमा छुट

एनसेल प्रयोगकर्ताले हिमालयन जाभा कफिसपमा छुट पाउने भएका छन् । एनसेल र हिमालयन जाभा कफीबिचको सहकार्यमा नयाँ वर्ष ०८३ देखि सुरु भएको विशेष अफरमा एनसेलका ग्राहकले देशभरका सबै हिमालयन जाभा कफी आउटलेटमा प्रिमियम कफी, पेय पदार्थ र खानेकुरामा विशेष छुट पाउने भएका हुन् ।

यो साझेदारीले ग्राहकको भेटघाट, बैठक र जमघटलाई थप रमाइलो र अर्थपूर्ण बनाउने बताइएको छ । ४९९ वा सोभन्दा माथिका योग्य प्याक प्रयोग गर्ने सबै ग्राहकले एक कप कफी खरिद गर्दा अर्को एक कप निःशुल्क प्राप्त गर्नेछन् । साथै, तेस्रो कप कफी खरिदमा ३० प्रतिशत छुट हुनेछ । त्यसैगरी, २५ वर्ष वा सोभन्दा कम उमेरका युवा तथा एनसेल प्रयोग गर्ने पर्यटकले ९९ वा सोभन्दा माथिको प्याक प्रयोग गर्दा सबै किसिमका खानेकुरा तथा पेय पदार्थमा २० प्रतिशत छुट पाउनेछन् । यसबाहेक ९९ वा सोभन्दा माथिको प्याक चलाउँदै गरेका वा रेन्टल प्लानमा सक्रिय सबै एनसेल प्रयोगकर्तालाई हिमालयन जाभाका खानेकुरा तथा पेय पदार्थहरूमा १० प्रतिशत छुट हुने बताइएको छ । छुट प्राप्त गर्नका लागि ग्राहकले एनसेल एपमा गएर 'पार्टनर्ड सर्भिसेस'भित्र रहेको 'हिमालयन जाभा कफी' छानेर छुट अफरबारे थाहा पाउन सक्नेछन् । एउटा बिलमा एउटा मात्र छुट लागू हुने बताइएको छ ।

## ● कामना सेवा विकास बैंकको वित्तीय साक्षरता कथासंग्रह सार्वजनिक

कामना सेवा विकास बैंक लिमिटेडले वित्तीय साक्षरता कथासंग्रह सार्वजनिक गरेको छ । वित्तीय साक्षरता अभिवृद्धि गर्ने प्रयाससस्वरूप नयाँ वर्ष ०८३ सालको अवसरमा कथासंग्रह तथा सम्बन्धित भिडियो सामग्री सार्वजनिक गरेको हो ।

उक्त कथासंग्रह बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दिनेश थकालीले सार्वजनिक गरे । बैंकले वित्तीय साक्षरता केवल सूचना नभई, व्यवहार परिवर्तन गर्ने प्रक्रियासमेत भएकाले कथा तथा भिडियो सामग्रीले त्यसलाई अझ प्रभावकारी रूपमा जनमानससम्म पुऱ्याउने विश्वास व्यक्त गरेको छ ।

कथासंग्रहमा दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित वित्तीय निर्णय, बचतको महत्व, जिम्मेवार खर्च, बैंकिङ सेवा प्रयोग तथा आर्थिक योजनाजस्ता विषयलाई सरल, रोचक र सन्देशमूलक कथाका माध्यमबाट प्रस्तुत गरिएको बैंकले जनाएको छ ।

बैंकका अनुसार यो कथासंग्रह देशभरका विभिन्न विद्यालयमा वितरण गरिनेछ । यसले विद्यार्थीमा सुरुवातदेखि नै वित्तीय अनुशासन, बचत गर्ने बानी र जिम्मेवार खर्च गर्ने व्यवहार विकास गर्न सहयोग पुऱ्याउनेछ ।

साथै, बैंकले 'अल्फा ग्रो सेभिंग्स अकाउन्ट' खोल्ने ग्राहकलाई प्रोत्साहनस्वरूप खुत्रुकेसँगै उक्त कथासंग्रहसमेत प्रदान गर्ने व्यवस्था मिलाएको जनाएको छ । यो कदमले बचत व्यवस्थापनलाई व्यावहारिक रूपमा प्रोत्साहन गर्ने अपेक्षा गरिएको बैंकको भनाइ छ । कथासंग्रहलाई भिडियो उत्पादनमार्फत डिजिटल रूपान्तरण गरिएको छ । यी भिडियोमा कथाका पात्रलाई दृश्यात्मक रूपमा जीवन्त बनाउँदै वित्तीय सन्देशलाई अझ प्रभावकारी ढंगले प्रस्तुत गरिएको बताइएको छ ।

बैंकका अनुसार भिडियो सामग्रीले विशेषगरी बालबालिका, युवा तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई आकर्षित गर्नेछ । साथसाथै, वित्तीय साक्षरतालाई मनोरञ्जनात्मक र सजिलै बुझन सकिने माध्यममा रूपान्तरण गर्ने पनि अपेक्षा गरिएको छ । कथासंग्रहसँग सम्बन्धित भिडियो सामग्री प्रत्येक हप्तामा दुई दिन बैंकको आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ ।

## ● किसानलाई क्रेडिट कार्ड

सरकारले मंगलबार १८ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गर्दै कृषि पेसालाई सम्मानजनक र सुरक्षित बनाउने घोषणा गरेको छ । मंगलबार राष्ट्रिय प्रतिबद्धतापत्रको मस्यौदा सार्वजनिक गर्दै सरकारले कृषि नै प्रमुख पेसा र कर्म हो भन्ने मनोविज्ञानको विकास गरी यसलाई सम्मानजनक र सुरक्षित बनाउन किसान क्रेडिट कार्ड, बिमा र सहुलियत ऋण उपलब्ध गराउने जनाइएको छ ।

त्यस्तै, भूउपयोग योजनाको पुनरावलोकन गरी बाँझो कृषि जग्गाको उपयोगसहित चक्लाबन्दी तथा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्ने सरकारको तयारी छ । नेपालभित्रै उत्पादन सम्भव भएका कृषि उपजको उत्पादन वृद्धि गरी आत्मनिर्भर हुन नीतिगत कानुनी र भन्सारसुधारलगायतका कार्य गर्ने जनाइएको छ । यसले आयात प्रतिस्थापनलाई टेवा पुग्ने सरकारको आकलन छ । हरेक स्थानीय तहमा सामुदायिक बिउ बैंक स्थापना गरी स्वदेशी र रैथाने बिउ संरक्षण र प्रवर्द्धन गर्ने जनाइएको छ ।

## ● आइएमई लाइफका ग्राहकलाई नेपाल क्यान्सर हस्पिटलमा छुट

आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र नेपाल क्यान्सर हस्पिटलबिच छुटसम्बन्धी सम्झौता भएको छ । द्विपक्षीय सम्झौताअनुसार इन्स्योरेन्सका बिमित, अभिकर्ता तथा कर्मचारीले नेपाल क्यान्सर हस्पिटलमा उपचार सेवा लिँदा १० प्रतिशत छुट प्राप्त गर्नेछन् । साथै, स्वास्थ्य सेवा प्याकेजमा विशेष सहुलियत दिइने पनि बताइएको छ । कम्पनीका बिमितले कम्पनीको मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाई छुट सुविधा लिन सक्नेछन् । साथै, अभिकर्ता तथा कर्मचारीले कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेस गरी छुट सुविधाको लाभ लिन सक्ने बताइएको छ ।

## ● सकियो पोखरा फ्लेयर मास्टर च्याम्पियनसिप

पोखरामा पहिलोपटक आयोजना गरिएको पोखरा फ्लेयर मास्टर च्याम्पियनसिपको उपाधि इटहरीका राई बादशाह किराँतले जितेका छन् । उनले अन्य ३६ जना प्रतिस्पर्धीलाई उछिन्दै उपाधि जिते । कार्यक्रम कान्तिपुर होटेल ट्रेनिङ सेन्टर पोखराको आयोजना, कान्तिपुर टुरिजम एन्ड होटेल म्यानेजमेन्ट कलेज पोखराको सहकार्य एवं सेतो बाघ भोड्काको प्रस्तुतिमा भएको हो । नेपाली बार टेन्डरलाई उजागर गर्दै व्यावसायिक तालिमलाई विश्वव्यापी रोजगारीको बाटोका रूपमा स्थापित गर्ने उद्देश्यसमेत रहेको यो राष्ट्रियस्तरको च्याम्पियनसिप हो । यसमा बुटवलका रोशन चौधरी उपविजेता, काठमाडौंका नवीन धामी तेस्रो, बुटवलका रेशम गुरुङले चौथो स्थान हात पारे । यसैगरी, इटहरीका उनै राई कक्टेलल बनाउने र काठमाडौंका विनोद गुरुङ उत्कृष्ट बोटल घुमाउने कलामा उत्कृष्ट भए ।

आयोजक कान्तिपुरका संस्थापक अध्यक्ष विजय पौडेलका अनुसार बारटेन्डरले दुईभन्दा बढी पेय प्रदार्थका बोतल घुमाएर नचाएर ग्राहकलाई खुसी बनाउनेसम्बन्धी प्रतियोगिता भएको हो । यसका विजेताले ४० हजार नगद, बार टुल सेटसँगै प्याराग्लाइडिङको टिकटलगायत पुरस्कार पाएका छन् । त्यस्तै, उपविजेताले २५ हजार नगदसँगै बार सामग्री, तेस्रोले १५ हजार नगद र बार सामग्री, चौथोले सात हजारसँगै बार सामग्री प्राप्त गरेका छन् । साथै, उत्कृष्ट कक्टेलले पाँच हजार नगद र बन्जी जम्पको टिकट, उत्कृष्ट बोतल घुमाउने कलाले पाँच हजार नगद पुरस्कार पाए । सँगै विजेता सबै ६ जनाले ट्रफी, गिफ्टह्यापर, सम्मानपत्र र प्रमाणपत्रसमेत पाएका पौडेलले जानकारी दिए । सहभागी अन्य सबैलाई मायाको चिनो र सहभागिताको प्रमाणपत्र वितरण गरिएको पौडेलले बताए ।

पौडेलले यो प्रतियोगितामार्फत युवालाई अन्तर्राष्ट्रियस्तरको करिअरतर्फ प्रेरित गर्ने र पर्यटन तथा आतिथ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । च्याम्पियनसिपको निर्णायकमा युवराज पुन (काठमाडौं), ऐला विशेषज, सुरज महर्जन (स्टेप अप हस्पिटालिटी), विष्णु सारु र सिटिइमिटीका शैलेन्द्र शाही थिए ।

## कांग्रेस-एमाले...

पार्टी बन्न सफल भएपछि जनताको आस्था र विश्वास बढ्दै गएको थियो ।

त्यही कारणले गर्दा गत फागुन २१ गते सम्पन्न भएको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत ल्याएर संसदको सबै भन्दा ठुलो पार्टीमात्र बनेन सरकारको नेतृत्व गर्दै एकलौटी सरकार समेत गठन गर्न सफल भयो ।

तत्कालिन केपी ओली नेतृत्वको सरकारलाई बैधानिक रूपबाट हटाउन असम्भव भएकाले गर्दा रास्वपाकै संलग्नता र उनीहरूका सभापति रवि लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न भएको आरोपमा पक्राउ परेका थिए । त्यही विषयलाई रास्वपाले ओली सरकार ढाल्ने हतियारको रूपमा प्रयोग गऱ्यो गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा रास्वपा सहितका नेताहरु र हालका प्रधानमन्त्री बालेन साहसहित हालका गृहमन्त्री सुधन गुरूङसहितको प्रत्यक्ष, अप्रत्यक्ष सहयोगमा भाद्र २३ गतेको घटना घटाइयो ।

२३ गते संसद भवन नयाँ बानेश्वरमा गोली चल्यो त्यहाँ १७ जनाको निधन भयो । त्यही विषयलाई लिएर भाद्र २४ गते विध्वसात्मक कार्य भयो । सिंहदरबार, सर्बोच्च अदालत, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायत धेरै सरकारी कार्यालय, व्यावसायिक भवन र शिर्ष नेताहरूका निजी निवास जलाईए । यी सबै काण्डहरु हुनुको दोष ओली सरकार र पुराना राजनीतिक दलहरूमाथि लगाइयो । जनताले त्यसलाई पत्याएका हुनाले मात्र रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो । तर, त्यसको वास्तविकता अर्कै रहेको छ ।

तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साह रास्वपाका प्रवेश गरेको र उनका लोकप्रियताकै कारण जनताले बालेन साहको नाममा रास्वपाको चुनाव चिह्न घण्टीलाई मत हालेका हुन् । रास्वपाले बालेन साहसँग सहमति गर्दा भाद्र २३ र २४ गतेको घटनाको स्वामित्व लिने सहमति गरी सम्झौता समेत गरेको हुनाले र रवि लामिछाने जेलमा रहेका बेला रास्वपाका नेताहरूले नै लामिछानेलाई प्रधानमन्त्री बनाउने भन्दै जेलबाट मुक्त गरेका थिए ।

यसरी भाद्र २३ र २४ गतेको घटना एकाएक भएको थिएन भन्ने भेदहरु खुल्दै गएका छन् । सुधन गुरूङले भने भाद्र २३ को विरोध प्रदर्शनमा आफूँ पानी बाँड्न आएको आफू जेनजीहरूको नेता नभएको बताएका भएपनि जिल्ला प्रशासन कार्यालय काठमाडौबाट विरोध प्रदर्शनको अनुमति माग्दा सुधनले नै पत्रमा हस्ताक्षर गरेका हुनाले अब भाद्र २३ र २४ गतेको घटनाको वास्तविक अनुसन्धान हुनुपर्ने आवश्यकता देखिन्छ । पुराना दलहरु प्रति जनताको विश्वास घटाउन र पुराना दलका नेताहरूप्रति जनतामा आक्रोश व्यक्त गर्नेगरि भाद्र २३ र २४ गतेको घटना घटाइएको हो भन्न अब साइत हेरिरहनु पर्दैन ।

भाद्र २३ र २४ गतेको घटनाको जाँचबुझ नगर्नुका कारण तत्कालिन प्रधानमन्त्री सुशिला कार्की कै निर्देशनमा रोकिएको र कार्कीले नै पुराना दलहरूका नेताहरूसँग बदला लिने गरी भाद्र २३ र २४ गतेको घटनापछि केही आपत्तिजनक अभिव्यक्ति दिएकी थिइन् । तर उनी प्रधानमन्त्री भएपछि निर्वाचन गराउने म्याण्डेट पाएकाले उनले पुराना दलका नेताहरूलाई उकास्दै तपाईहरूको जित निश्चित रहेको छ भन्दै सुरक्षाकर्मीहरूले यस्तो रिपोर्ट ल्याएका छन् भनेर कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीका शिर्ष नेताहरूसँग निर्वाचनमा सहभागि हुन आग्रह गरेकी थिइन् त्यही आग्रहलाई कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीका नेताहरूले विश्वास गर्दा अहिले संकटमा परेका छन् । यो सबै कार्यले गर्दा लोकतन्त्र नै संकटमा पर्ने प्रायः निश्चित जस्तै देखिएको छ ।

## नीतिगत...

समेत समर्थन रहने भएकाले बालेन सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न खुट्टा कमाउनुपर्ने अवस्था देखिँदैन ।

विगतमा मन्त्रिपरिषद्को बैठकबाट निर्णय गरेर भ्रष्टाचार नियन्त्रण गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई मन्त्रिपरिषद्को बैठकबाट गरिएका निर्णयहरूमा अनुसन्धान गर्न रोक लगाइएको हुनाले भ्रष्टाचार बढ्दै गएको र मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरु नीतिगत बाहेकका सबै निर्णयहरु अख्तियारले अनुसन्धान गर्न सक्ने व्यवस्था कानुनमै गरिएको खण्डा भ्रष्टाचार नियन्त्रण हुन सक्छ । अख्तियारको क्षेत्राधिकार सुनिश्चित गर्ने गरी कानुन बनाउनुपर्ने आवश्यकता देखिन्छ । बालेन सरकारले अख्तियारको क्षेत्राधिकार सुनिश्चित गर्ने कानुन बनाउँछ कि बनाउँदैन अब त्यसैमा बालेन सरकारको परीक्षा हुनेछ ।

मुलुकमा भएका ठुला ठुला भ्रष्टाचारका काण्डमा राजनीतिज्ञहरु नै मुछिने गरेका धेरै उदाहरणहरु रहेकाले गर्दा र मन्त्रिपरिषद्ले गरेका निर्णयहरु नै केही भ्रष्टाचारमा जोड रहने गरेकाले त्यसलाई कानुनी रूपमै अवैधानिक हुने गरि कानुन बनाउनुपर्ने आवश्यकता देखिन्छ । अख्तियारले २०७६ गरेको एक सर्वेक्षणले ३०.४ प्रतिशत भ्रष्टाचार नीतिगत तहमा हुने गरेको देखिएको थियो । ४० प्रतिशत कार्यान्वयन तहमा र ७ देखि १० प्रतिशत वितरणको तहमा हुने उल्लेख गरेको हुनाले नीतिगत तहमा हुने भ्रष्टाचार रोकिएको खण्डमा अन्य तहमा हुने भ्रष्टाचारमा स्वत कमी आउन सक्छ । कानुनले प्रष्ट व्यवस्था नगरेको तर देशको हितको पक्षमा गर्नुपर्ने कतिपय निर्णय मन्त्रिपरिषद्ले गर्ने गरेको हुनाले त्यसलाई नीतिगत भनिन्छ । तर मन्त्री र सचिवहरूले नै निर्णय गर्न सक्ने कतिपय निर्णयहरु आफूहरूले नगरी मन्त्रिपरिषद्को बैठकबाट पारित गराउने भएकाले त्यहीबाट नीतिगत भ्रष्टाचार सुरू हुने र भ्रष्टाचार बढ्नुको मुख्य माध्यम त्यही रहेको प्रष्ट रूपमै देखिन्छ ।

## जुरुरी पक्राउ...

नसोध्ने र प्रहरीले मागे बमोजिम पक्राउ पर्न अनुमति दिने गरेको हुनाले जरूरी पक्राउ पुर्जीको दुरूपयोग बढ्दै गएको छ ।

कानुनले तोके बमोजिम मात्र जरूरी पक्राउ पुर्जी जारी गर्ने गरेको र यसरी पक्राउ गरिएका व्यक्तिलाई २४ घण्टाभित्रमा अदालतमा उपस्थित गराइने गरेको प्रहरीको भनाई रहेको भएपनि प्रहरीले कानुनको छिद्रा खोजेर त्यसैमा खेल्ने काम गरेको आरोप प्रहरीमाथि लाग्दै आएको छ । सत्तामा रहेको दलको स्वार्थलाई हेरेर प्रहरीले सत्तामै रहेको मानिसको आदेश पालना गर्ने गरेको हुनाले अब कानुनमा नै समस्या भएको भए त्यसैलाई सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

सत्तामा रहेका व्यक्तिले मात्र प्रमाण नष्ट गर्न सक्ने सम्भावना रहेकाले गर्दा सत्ता बाहिर रहेका र सर्वसाधारण जनताले प्रमाण नष्ट गर्न सक्ने सम्भावना नै रहँदैन अनि किन जरूरी पक्राउ पुर्जी जारी गर्न पऱ्यो त्यसको जवाफ सरकार र प्रहरीले जनतालाई दिन किन नपर्ने ? प्रहरीले पहिला पक्राउ गर्ने अनि प्रमाण जुटाउन लाग्ने गरेको हुनाले अब पहिला प्रमाण जुटाएर मात्र पक्राउ गरिनु उपर्युक्त हुनेछ ।

जरूरी पक्राउ पुर्जी जारी गर्नु भन्दा पहिला पक्राउ गर्नुपर्ने व्यक्तिका बारेमा सबै प्रमाणहरु जुटाएर मात्र पक्राउ गरिनुपर्दछ । प्रहरीले प्रमाण नै नजुटाई पक्राउ गर्ने तर प्रमाण जुटाउन नसकेपछि रिहा गर्ने गरेको हुनाले पक्राउ परेका व्यक्तिमाथि अन्याया हुनेछ । सामान्य मानिस नत भाग्न सक्ने सम्भावना हुनसक्छ नत उसले प्रमाण नै नष्ट गर्न सक्छ ?

प्रहरीलाई सरकारले स्वतन्त्रतापूर्वक आफ्नो काम गर्ने वातावरण मिलाई दिनुपर्ने आवश्यकता रहेको छ । सत्तामा रहेको त्यसमा पनि गृहमन्त्री जुन पार्टीको हुन्छ त्यही पार्टीका नेता तथा कार्यकर्ताहरूको आग्रहमा प्रहरीले मानिसलाई पक्राउ गर्ने र प्रमाण जुटाउन नसकेपछि उसलाई रिहा गर्ने गरेको हुनाले त्यस्ता व्यक्तिलाई प्रहरीले क्षतिपूर्ति दिनुपर्ने व्यवस्था कानुन मै व्यवस्था गरेको खण्डमा जरूरी पक्राउ पुर्जी जारी गर्ने कार्य घट्न सक्छ त्यसैले यस विषयमा बालेन सरकारको ध्यान जानु आवश्यक छ ।

कुनै पनि राजनीतिक दलको सरकारले प्रहरीलाई विपक्षी दलका नेता र कार्यकर्ताहरूलाई पक्राउ गर्ने हतियार बनाउनु किमार्थ उचित हुँदैन । त्यसैले जरूरी पक्राउ पुर्जी कुन कुन अवस्थामा जारी गर्नुपर्ने हो त्यस विषयमा अदालतले समेत प्रष्ट रूमा जरूरी पक्राउ पुर्जी जारी गर्दा प्रहरीलाई निर्देशन दिनु आवश्यक छ । यदि त्यसो हुँदैन भने जरूरी पक्राउ पुर्जी जारी गरेर सत्ताधारी दलका नेताहरूले विपक्षी दलका नेता तथा कार्यकर्ताहरूलाई जुनसुकै अवस्थामा पनि पक्राउ गर्न सक्ने सम्भावना रहेको छ ।

## राईट टु रिकल...

अधिकार पार्टीले लिएको हुनाले रास्वपा जनताको अधिकार खोस्न लागि परेको जस्तो देखिएको छ । जनताले आफ्नो प्रतिनिधिलाई प्रत्यक्ष रूपमा मतदान गरेका व्यक्तिलाई मात्र राईट टु रिकल गर्न सक्छन् । यस व्यवस्थाको यो गुण राम्रो भएपनि मुलुकको लागि कति हितकर छ भनेर अहिलेसम्म केही व्याख्या भएको देखिँदैन ।

साना र गरिब मुलुकका लागि यो व्यवस्था त्यति हितकर देखिँदैन । राईट टु रिकल गरिसकेपछि फेरी प्रत्यक्ष निर्वाचनमार्फत आफ्ना प्रतिनिधि चुन्नुपर्ने अवस्था रहन्छ । पटक पटक निर्वाचन गराउन गरिब मुलुकको लागि आर्थिक भार थपिन सक्ने र सरकार पनि परिवर्तन भै रहने गरेकाले यसलाई विश्वका धेरै मुलुकहरूले अहिलेसम्म स्वीकार गरेका छैनन् । जनताले राईट टु रिकल गर्न सक्ने भएपनि त्यस्तो व्यवस्थालाई पार्टीले प्रयोगमा ल्याउनुले पार्टी नेतृत्वको पक्षमा रहिरहनु जनताका प्रतिनिधिहरूलाई बाध्य पार्ने कार्य समेत भएको देखिन्छ । पार्टी नेतृत्वले गलत गरेमा पनि राईट टु रिकल गरेर आफ्नो पक्षका मानिसलाई निर्वाचनमा जिताएर ल्याउने र आफू सर्वेसर्वा हुने भय यस व्यवस्थामा रहेको हुन्छ ।

नेपाल जस्तो सानो र गरिब मुलुकमा यो राईट टु रिकलको व्यवस्था कति उचित हुन्छ र यो व्यवस्थाको प्रयोज जनताले गर्ने कि पार्टीले भन्ने विषय नै अस्पष्ट रहेकाले गर्दा यसलाई केही परिमार्जन गर्दै कम्तिमा दुई वर्षसम्म राईट टु रिकलको व्यवस्था नगर्ने र सो व्यवस्था पार्टीले होइन जनताले नै गर्न पाउने कानुनी व्यवस्था नै गरिनु उपर्युक्त हुनेछ । पार्टीले यो व्यवथा लागु गरेमा पार्टीको नेतृत्वले गलत काम गरेमा पनि राईट टु रिकल हुन सक्ने डरले नेतृत्वको विरोध हुन सक्दैन । त्यही कारणले गर्दा नेतृत्वले मनोमानी गर्ने डर जहिलेसकुै पनि रहन्छ ।

## राजनीतिमा...

केन्द्रमा राखेर कदम बढाउन विलम्ब नगरौं । संवाद, सहमति र सहकार्यका माध्यमबाट सबै पक्षको मागलाई सम्बोधन हुनेगरी संवैधानिक समाधान खोज्न दृढ संकल्पित बनौं,' शाहले भनेका छन् ।

उनले राजनीति, राज्य पद्धति र शासन प्रशासनको प्रणालीमा निकै हेरफेर भएको भएपनि त्यो कोरा परिवर्तनमात्रै भएको टिप्पणी गरेका छन् ।साथै, देश प्रयोगशाला मात्रै भएको भन्दै राष्ट्र निर्माणमा पछि परेको उल्लेख गरेका छन् । 'राजनीति, राज्य पद्धति र शासन प्रशासनको प्रणालीमा हामीले निकै हेरफेर हेर्‍यौं ।

तर त्यो कोरा परिवर्तनमात्रै भयो,' पूर्वराजा शाहले भनेका छन्, 'दलदलको खलबलमा त हामी धेरै दगुरियौं । तर राष्ट्रको श्रीवृद्धिमा हामी निकै पछि पर्‍यौं । सधैं प्रयोग, सधैं अभ्यास र सधैं विकल्पको खोजीमा मात्रै लाग्यौं । फलस्वरूप हाम्रो देश प्रयोगशाला मात्रै रह्यो ।'

## जान्नेलाई...

१० विघामात्र एक परिवारले जग्गा राख्न पाइने व्यवस्था रहेको छ । तर कानुनको बर्खिपाल गरी गोरखामा २ सय ९० रोपनी जग्गा रहेको सम्बन्धित विवरणमा उल्लेख गरेको हुनाले कानुन अनुसार गुरूङलाई कारबाही गरि ९० रोपनी भन्दा बढी जग्गा सरकारको नाममा ल्याउनुपर्ने अवस्था देखिएको भएपनि यस विषयमा नत जान्नेलाई छान्ने भने पार्टी रास्वपा नै बालेको छ नत बालेन सरकार नै ।

बालेन सरकारका प्रत्येक मन्त्रीहरूले आफूहरूसँग ठुलो मात्रामा सुन रहेको र पैसा पनि रहेको त्यसका साथै काठमाडौ उपत्यकामै ५/७ ठाउँमा जग्गा रहेको उल्लेख गरेका भएपनि त्यो सम्पत्ति कहाँबाट आयो ? भन्ने केही उल्लेख गरेका छैन् । यति ठुलो मात्रामा सम्पत्ति हुँदा उनीहरूले त्यसको कर तिरेका छन् कि छैनन ? सम्पत्ति विवरण सार्वजनिक गर्दा उनीहरूले प्याननम्वर समेत उल्लेख नगरेका हुनाले त्यस्तो सम्पत्तिको करण तिरेको छैन भन्ने सहजै अनुमान लगाउन सकिन्छ । कतिपय मन्त्रीहरूले आफूहरूसँग बैकमा करोडौं रूपैँया रहेको उल्लेख गरेको भएपनि आफूहरूले ऋण लिएको सम्पत्ति विवरणमा उल्लेख गरेका हुनाले मन्त्रीहरूले कानुनी प्रक्रिया पुऱ्याउन मात्र आफूहरूको सम्पत्ति विवरण सार्वजनिक गरेको जस्तो देखिएकोले उनीहरूको सम्पत्तिको छानविन हुनुपर्ने आवश्यकता देखिन्छ भने गृहमन्त्री गुरूङलाई त हदभन्दा बढी जग्गा ढाँटेर राखेकोमा कानुनी कारबाही नै गरी हदबन्दी भन्दा बढीको जग्गा तत्काल नेपाल सरकारको नाममा ल्याउनुपर्ने आवश्यकता देखिन्छ ।

# मध्यपूर्वका सबै देशमा खुल्यो पुनः श्रम स्वीकृति, नयाँ रोक्का भने यथावत्

काठमाडौं । मध्यपूर्वका सबै देशमा रोजगारीका लागि जान चाहने कामदारका लागि पुनः श्रम स्वीकृति खुला गरिएको छ । तर, नयाँ श्रम स्वीकृति भने रोक्का गर्ने निर्णय यथावत् छ । सरकारको यस्तो निर्णयले मध्यपूर्वमा भएको तनावले नेपाल फर्किएका युवाहरूलाई पुनः ती देशमा काम गर्न जाने बाटो खुलेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बुधबार एक सूचना जारी गर्दै युद्धरत इजरायलसहित कुवेत, बहराइन र लेबनानमा पुनः श्रमस्वीकृति खुला गर्ने निर्णय गरेको हो । यसअघि ३ चैतबाट लागू हुने गरी साउदी अरेबिया, युएई, कतार, ओमान, यमन, जोर्डन र टर्कीका लागि पुनः श्रम स्वीकृति खुला गर्ने निर्णय गरिएको थियो ।

अमेरिका-इजरायल र इरान युद्धका कारण मध्यपूर्वका सबै देशमा अहिले तनाव छ । इरानले मध्यपूर्वमा रहेका अमेरिकी सैन्य बेसक्याम्पलाई लक्षित गरी मिसाइल प्रहार गरिरहेका कारण अधिकांशमा देशमा भौतिक संरचना सहित मानवयीय क्षति समेत भएका छन् । मध्यपूर्वमा युद्धको प्रभाव देखिनासाथ सरकारले १७ फागुनदेखि लागू हुने गरी १२ देशमा नयाँ र पुराना सबै श्रम स्वीकृति रोक्का गर्ने निर्णय गरेको थियो ।

तर, युद्धको असर कम हुँदै गएको रिपोर्टिङ पछि गत ३ चैतमा सात देशका लागि पुनः श्रम स्वीकृति खोलिएको थियो । अहिले युद्ध रोक्न बार्ता जारी भएको र युद्धको प्रभावसमेत कम देखिएको भनेर परराष्ट्र मन्त्रालयले नै रिपोर्टिङ गरेपछि सबै देशका लागि पुनः श्रम स्वीकृति खुला गरिएको मन्त्रालयले जनाएको छ । बिदामा नेपाल आएर काम गर्नका लागि पुनः विदेश जान नपाएका युवाहरूले श्रम स्वीकृति खोल्न दबाब दिँदै आएका थिए ।

वैदेशिक रोजगार विभागका प्रवक्ता चन्द्रबहादुर शिवाकोटीले मध्यपूर्वको वर्तमान अवस्था र छुट्टीमा नेपाल आएर पुनः रोजगारीका लागि विदेश जान चाहेको युवाको मनस्थितिलाई हेरेर सरकारले निर्णय गरेको बताए । 'पहिले सातवटा देशमा पुनः श्रम स्वीकृति खोलिएको थियो । अहिले थप देशमा पनि खुला गरिएको हो,' उनले भने, 'नयाँ श्रम स्वीकृति भने जारी गर्ने निर्णय भएको छैन ।' मध्यपूर्व नेपाली कामदारहरूको प्रमुख श्रम गन्तव्य मुलुक हुन् । यीमध्ये पनि युएई, साउदी अरब, कुबेत, कतार, बहराइन, ओमान, जोर्डनलगायतका देशमा धेरै नेपाली कामदार कार्यरत छन् ।

विभागको तथ्यांकअनुसार मध्यपूर्वका १६ देशमा १७ लाख २९ हजारभन्दा बढी नेपाली कार्यरत छन् । यी देशमा थोरै संख्यामा रहेका नेपालीहरु ! व्यवसाय गरिरहे पनि ठुलो संख्यामा कामदारहरु छन् ।

## कांग्रेसभित्रको...

कार्यवहाक दिएका उपसभापति पूर्ण बहादुर खड्काले कांग्रेसको आधिकारिक लेटरप्याड प्रयोग गरेको भन्दै कांग्रेसले खड्कालाई ७ दिने स्पष्टीकरण सोधपछि कांग्रेसभित्रको विवाद तत्काल समाधान हुन सक्ने सम्भावना न्यून रहेको छ ।

निर्वाचनमा देउवा पक्षका थोरैलाई टिकट दिइएको भएपनि उनीहरु मध्येका धेरै पराजित भएका थिए । रास्वपाले निर्वाचनमा झण्डै दुई तिहाई मत प्राप्त गरेर एकल सरकार निर्माण गरिसकेको अवस्थामा विपक्षी दलहरु एक भएर बालेन सरकारका काम कारबाहीलाई निगरानी गर्नुपर्नेमा आफैं भित्रको विवादमा अल्झिनुले लोकतन्त्र नै कमजोर हुने र बालेन सरकार हावी हुन सक्ने सम्भावना समेत बढेर गएको छ ।

संसदमा उपस्थित भएका ६ दलमध्येको रास्वपाले सरकार बनाएको हुनाले कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टी सहित अन्य दलहरु मिलेर सकरारलाई कानुन भन्दा बाहिर जान नदिनुपर्ने अवस्थामा दलहरु भित्रै विवाद उत्पन्न हुनाले बालेन सरकार स्वच्छाचारीतिर अघि बढ्ने सम्भावना समेत देखिएको छ ।

आफूलाई मुलुककै एक्लो लोकतान्त्रिक पार्टी बताउँदै आएको कांग्रेसभित्र अहिले विभिन्न गुट र उपगुट रहेकाले गर्दा एउटाले अर्कोलाई विश्वास गर्न सकिरहेका छैनन् भने देउवा सभापति रहेको बेला पार्टीभित्रै प्रतिपक्षी जस्तो रहेका शेखर कोइराला समेत अहिले नत देउवा नत थापा पक्षमै रहन सके । उनले आफू दुवै पक्षमा नरहेको बताउँदै दुवै पक्षलाई एक ठाउँमा ल्याउने प्रयास गरिरहेका बताउँदै आएका छन् । तर त्यसो हुन सक्ने सम्भावना न्यून रहेको छ ।


**लोकतन्त्र दिवस, २०८३**

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्ट्राचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं ।

**सबल लोकतन्त्र, समृद्ध राष्ट्र ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार